# सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन

## (Organization and Management Survey Report)

## २०८२

## विदुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## विदुर, नुवाकोट

# विषयसूची


१.१ नगरपालिकाको परिचय ........................................................................ १

१.२ अध्ययनको पृष्ठभूमि........................................................................ १

१.३ कार्यदलको परिचय........................................................................ २

१.४ अध्ययनको उद्देश्य ........................................................................ २

१.५ अध्ययनको कार्यक्षेत्र:........................................................................३

१.६ अध्ययनको विधि र सीमा ........................................................................३

१.७ अपेक्षित उपलब्धिः........................................................................३

१.८ अध्ययनको सीमाः ........................................................................३

२.१ विद्यमान सांगठनिक ढाँचा ह ........................................................................ ५

२.२ विद्यमान दरबन्दीको अवस्था........................................................................ ६

२.३ विद्यमान संरचना र दरबन्दी सम्बन्धमा देखिएका समस्याहरू................................ ८

२.४ कानुनी प्रबन्ध ........................................................................ ९

२.५ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका सिद्धान्तहरु ........................................११

३.१ कार्यक्रम, कार्यबोझ र कार्य प्रकृतिको विश्लेषण........................................१२

३.२ नेपाल सरकारको कार्य विस्तृतीकरण अनुसार स्थानीय तहका अधिकारहरू................१३

३.३ उपलब्ध मानव स्रोतको आँकलन........................................................................३५

३.४ परिवर्तनको औचित्य........................................................................३५

३.५ वित्तीय विश्लेषण र थप दरबन्दीले पर्न सक्ने भार........................................३६

४.१ प्रस्तावित साङ्गठनिक ढाँचाको व्याख्या ........................................................३७

४.२ प्रस्तावित दरबन्दी विवरणको व्याख्या........................................................३७

४.३ प्रस्तावित दरबन्दीको औचित्य ........................................................................३७

४.४ विदुर नगरपालिका, नगर कार्यपालिका कार्यालयको प्रस्तावित सङ्गठन संरचना ............३९

४.५ विदुर नगरपालिका, नगर कर्यापलिकाको प्रस्तावित दरवन्दी तेरीजी ..........................४०

५.१ शाखा तथा इकाइहरुको कार्यविवरण........................................................ ४३

५.१.१.प्रशासन शाखा ........................................................................ ४३

५.१.२. खरिद तथा भण्डारण इकाई ........................................................ ४५
५.१.३. राजश्व  शाखा........................................................................... ४६
५.१.४. कानुन शाखा .......................................................................... ४७
५.१.५. योजना तथा अनुगमन शाखा......................................................... ४७
५.१.६. सूचना तथा प्रविधि शाखा ..........................................................४८
५.१.७. पूर्वाधार विकास शाखा .............................................................. ४९
५.१.७.१. शहरी पूर्वाधार शाखा ..............................................................४९
५.१.७.२. भवन तथा वस्ती विकास शाखा ..................................................५१
५.१.७.३. वातावरण तथा सरसफाइ शाखा.....................................................५२
५.१.८. सामाजिक सुरक्षा तथा पंजिकरण शाखा ..........................................५३
५.१.९. महिला, बालबालिका तथा समाज कल्याण शाखा.................................५३
५.१.१०. सहकारी उपशाखा.................................................................... ५५
५.१.११. जन स्वास्थ्य शाखा.................................................................. ५५
५.१.१२ शिक्षा शाखा  ......................................................................... ५५
५.१.१३. कृषि विकास शाखा...................................................................५८
५.१.१४. पशुपन्छी सेवा केन्द्र.................................................................५८
५.१.१५. आर्थिक प्रशासन शाखा.............................................................. ५९
५.१.१६. आन्तरिक लेखा परीक्षण शाखा .................................................... ५९
५.१.१७. आर्थिक विकास शाखा............................................................... ६०
५.१.१८. पर्यटन तथा सम्पदा उपशाखा .......................................................६३
५.१.१९. वडा कार्यालयहरू को कार्य विवरण.................................................६३
५.१.१९.१. वडा स्तरीय तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्नेः ..........................६३
५.१.१९.२. वडाका विकास निर्माणका कार्यहरू गर्नेः......................................... ६४
५.१.२०. आधारभूत स्वास्थ्य सेवा केन्द्र/सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रहरूको कार्य विवरण.... ७०
५.१.२०.१. योजना तर्जुमा ...................................................................... ७०
५.१.२०.२. परिवार नियोजन कार्यक्रम .......................................................... ७०
५.१.२०.३. सुरक्षित मातृत्व ..................................................................... ७०

५.१.२०.४. खोप........................................................................................७१
५.१.२०.५. पोषण....................................................................................७१
५.१.२०.६. झाडापखाला............................................................................७१
५.१.२०.७. श्वास प्रश्वास...........................................................................७२
५.१.२०.८. औलो तथा काला जार...............................................................७२
५.१.२०.९. क्षयरोग नियन्त्रण.....................................................................७२
५.१.२०.१०. कुष्ठरोग नियन्त्रण..................................................................७३
५.१.२०.११. एड्स/यौन रोग........................................................................७३
५.१.२०.१२. महामारी नियन्त्रण तथा प्राकृतिक प्रकोप...................................७३
५.१.२०.१३. वातावरणीय सरसफाइ .............................................................७३
५.१.२०.१४. स्वास्थ्य शिक्षा......................................................................... ७४
५.१.२०.१५. गाउँघर क्लिनिक कार्यक्रम........................................................ ७४
५.१.२०.१६. महिला स्वास्थ्य स्वयंसेविका ...................................................... ७४
५.१.२०.१७. उपचार सेवा............................................................................ ७५
५.१.२०.१८. अनुगमन.................................................................................. ७५
५.१.२०.१९. प्रशासनिक कार्य........................................................................ ७५
५.१.२०.२०. अभिलेख तथा प्रतिवेदन...........................................................७६
५.१.२०.२१. अन्य .......................................................................................७६

# भाग - १

## १.१ नगरपालिकाको परिचय

विदुर नगरपालिका काठमाडौं उपत्यका देखि उत्तर पश्चिम ६९ कि.मि. दुरीमा अवस्थित रहेको छ। नुवाकोट जिल्लाको सदरमुकाम विदुरको नामबाट परिचित यस नगरपालिका नेपालको संविधान २०७२ भाग ५ मा व्यवस्था भए अनुसार राज्यको संरचना गर्ने क्रममा नयाँ स्थानीय तहको रूपमा घोषणा भई नेपाल राजपत्रमा प्रकाशित मिति २०७३।११।२७ बाट सञ्चालनमा आएको हो। १३०.०१ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यो नगरपालिका समथर मैदान तथा पहाडी डाँडाकाँडा मिलेर वनको छ। तेह्र (१३) वडामा विभाजित यस नगरपालिका साबिक विदुर नगरपालिका, चारघरे, तुप्चे, गेर्खु, कल्याणपुर गा.वि.स.का सम्पूण भाग र साबिक खङ्गभन्ज्याङ्ग गा.वि.स.को ४ देखि ९ नं. वडा मिलेर गठन भएको हो। पूर्वमा सूर्यगढी र लिखु गाउँपालिका, पश्चिममा मेघाङ र तारकेश्वर गाउँपालिका, उत्तरमा किस्पाङ गाउँपालिका र रसुवा जिल्ला र दक्षिण सिमानामा बेल्कोटगढी नगपालिका पर्दछ। प्रख्यात साततले दरबारका साथै मल्लकालीन पुरातात्त्विक दरबार र प्रसिद्ध भैरवी मन्दिर, जालपा देवी मन्दिर लगायतका स्थलहरू समेटिएको यो नगरपालिका ऐतिहासिक धरोहरको धनी मानिन्छ।

२०७८ सालको जनगणना अनुसार विदुर नगरपालिकाको कुल जनसङ्ख्या ५९२२७ रहेको छ। सामाजिक, सांस्कृतिक, प्राकृतिक, जैविक विविधताले भरिपूर्ण रहेको यस नगरपालिकामा विविध जातजातिहरूको बसोबास रहेको छ।[1]

## १.२ अध्ययनको पृष्ठभूमि

सरकारी कार्यालयहरूमा सङ्गठन तथा जनशक्ति विस्तार तथा सङ्कुचन गर्दा निश्चित आधार सहितको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने कानुनी व्यवस्था निजामती सेवा ऐन, २०४९ ले गरेको छ। निजामती सेवा ऐनको दफा ६ (क) को उपदफा अनुसार (२) कुनै नयाँ सरकारी कार्यालय स्थापना गर्न सङ्गठन संरचना तयार गर्दा र नयाँ दरबन्दी सिर्जना गर्दा वा तत्काल कायम रहेको सङ्गठन संरचना र दरबन्दीमा पुनरावलोकन गर्दा वा हेरफेर गर्दा सम्बन्धित मन्त्रालयले कार्यक्रम, कार्यबोझ, कार्यप्रकृति तथा दरबन्दी थप गर्नुपर्ने कारण र सोको औचित्य तथा उपलब्ध मानवस्रोत समेतको आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी अर्थ मन्त्रालयको सहमति लिई सामान्य प्रशासन मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ। यस्तै उपदफा २ (क) मा व्यवस्था भए अनुरूप अर्थ मन्त्रालयबाट

[1] स्रोत: http://bidurmun.gov.np/node/3

प्राप्त सहमतिको आधारमा सामान्य प्रशासन मन्त्रालयले सोको मूल्याङ्कन गरी स्वीकृतिको लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेस गर्नु पर्नेछ भन्ने उल्लेख छ।

नेपालको संविधानको अनुसूचीहरू बमोजिम स्थानीय तहको एकल अधिकार तथा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा विदुर नगरपालिकाको कार्य विभाजन नियमावली, २०७४ बमोजिम नगरपालिकाको कार्यसम्पादनलाई प्रभावकारी बनाउनका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) बाट विभिन्न मितिमा स्वीकृत भएको यस नगरपालिकाको सङ्गठन संरचना तथा नगरपालिकाले विभिन्न समयमा गरेको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण बाट तर्जुमा गरेको सङ्गठन संरचना तथा दरबन्दीलाई समसामयिक बनाउनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरिएको हो।

## १.३ कार्यदलको परिचय

विदुर नगरपालिका र समिका अनुसन्धान तथा तालिम केन्द्र (Samika Research and Training Center), ललितपुरबिच नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने सम्झौता भए बमोजिम समिका अनुसन्धान तथा तालिम केन्द्र, ललितपुरका विशेषज्ञहरूबाट यो सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य सम्पादन भएको हो। सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको क्रममा केन्द्रबाट नगरपालिकाका प्रमुख, उपप्रमुख, नगरकार्यपालिकाका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत तथा विषयगत शाखाका प्रमुखहरूसँग छलफल गरी वहाँहरूको सक्रिय सहभागिता र सल्लाह लिइएको थियो।

केन्द्रले तयार गरेको प्रतिवेदन नगर कार्यपालिकाका सदस्यहरूसँग छलफल गरी अन्तिम रूप दिइएको हो। यसर्थ यस नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको कार्यमा समिका अनुसन्धान तथा तालिम केन्द्र, ललितपुरका विशेषज्ञहरूका अलावा नगरपालिकाका प्रमुख, उपप्रमुख, नगरपालिकाका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत तथा विषयगत शाखाका प्रमुखहरूको संलग्नता रहेको छ।

## १.४ अध्ययनको उद्देश्य

- स्थानीय तहको एकल अधिकार तथा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार, स्थानीय सरकार सञ्चालन ऐन र कर्मचारी समायोजन ऐन बमोजिम नगरपालिकाको प्रस्तावित सङ्गठन संरचना र दरबन्दी तेरिज तथा जनशक्ति सिफारिस गर्ने।
- प्रस्ताव गरिएका शाखाहरूको कार्य विवरण सिफारिस गर्ने।

## १.५ अध्ययनको कार्यक्षेत्रः

नेपालको संविधान, नेपाल सरकार, नगरपालिको आवधिक योजना, अन्तर्राष्ट्रिय प्रतिबद्धताका दस्तावेज एवं क्षेत्रगत कानुन र नीतिसँग मेल खाने गरी सामाजिक तथा आर्थिक राजनैतिक अधिकारको आधारमा नगरपालिकाको केन्द्र तथा १३ वटै वडा कार्यालयको सङ्गठन संरचना तथा दरबन्दी विवरण तयार गर्ने। साथै प्रस्तावित शाखा र पदको कार्य विवरण तयार गर्ने।

## १.६ अध्ययनको विधि र सीमा

नगरपालिकाको सङ्गठन तथा व्यवस्थापनको क्रममा देहायको अध्ययन विधि अवलम्बन गरिएको छ।

(क) **प्राथमिक स्रोतसँग सम्बन्धित विधिहरूः**

नगरपालिकाको केन्द्र तथा १३ वटै वडाको सङ्गठन संरचना र कार्य विवरण तयार गर्दा कार्यशाला, प्रश्नोत्तर तथा अन्तर्वार्ता जस्ता विधिहरू प्रयोग गरिएको छ।

(ख) **द्वितीय स्रोतसँग सम्बन्धित विधिहरूः**

यस विधि अन्तर्गत स्थानीय तहसँग सम्बन्धित संविधान, ऐन, नियमहरू साथै सङ्गठन र कार्य विवरण सम्बन्धी सिद्धान्तहरू बारे अध्ययन गरिने छ। साथै स्थानीय तहको सेवा प्रवाहसँग सम्बन्धित भएका अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र अनुबन्धहरूको अध्ययन गरिएको छ।

## १.७ अपेक्षित उपलब्धिः

नगरपालिकाको केन्द्र तथा १३ वटै वडाको सङ्गठन संरचना, दरबन्दी तेरिज तथा व्यवस्थापन प्रतिवेदन तयार हुने।

## १.८ अध्ययनको सीमाः

नगरपालिकाको केन्द्र तथा १३ वटै वडाको विभिन्न पदाधिकारी, प्रमुख प्रशासकीय अधिकृत, कर्मचारीहरू र सरोकारवालासँगको छलफल, प्रस्तावित शाखाहरूको कार्य विवरण, कार्य बोझ र कार्य प्रकृतिको अध्ययन विश्लेषण, यस वाट प्राप्त राय/सुझावहरू तथा विगतका अध्ययन प्रतिवेदनहरूको विश्लेषण समेतको आधारमा यो प्रतिवेदन तयार गरिएको छ। नयाँ कायम रहने नगरपालिका अन्तर्गत शाखा तथा एकाइमा कार्य गर्नका लागि दरबन्दी सृजना गर्नु परेको र नगरपालिकाको संरचनालाई समयानुकूल बनाउन गर्नु पर्ने आवश्यक फेरबदलको सिफारिस गर्नु प्रमुख उद्देश्य भई छोटो समयमा नै कार्य सम्पन्न गर्नु परेका


कारण अध्ययन व्यापक नहुन सक्छ तथापि तोकिएको कार्यक्षेत्र र जिम्मेवारी पूरा हुने गरी नै सिफारिस गरिएको छ।

# भाग–२

## २.१ विद्यमान सांगठनिक ढाँचा

नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको विदुर नगरपालिकाको साविकको सङ्गठन संरचना देहाय बमोजिम रहेको छ।

विदुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको सङ्गठन संरचना



# २.२ विद्यमान दरबन्दीको अवस्था

| विदुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको दरबन्दी तेरिज | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| क.सं. | पद | तह | सेवा | समूह | उपसमूह | स्वीकृत दरवन्दी | अन्य सेवाबाट समायोजन हुने दरबन्दी | बाँकी दरबन्दी | कैफियत |
| १ | प्रमुख प्रशासकीय अधिकृत | १० | प्रशासन | सा.प्र. | | १ | | | * |
| २ | अधिकृत | ९/१० | शिक्षा | शि.प्र. | | १ | | १ | |
| ३ | सि.डि.ई. | ९/१० | इन्जि. | सिभिल | | १ | | १ | |
| ४ | अधिकृत | ७/८ | प्रशासन | सा.प्र. | | १ | | १ | |
| ५ | लेखा अधिकृत | ७/८ | प्रशासन | लेखा | | १ | | १ | |
| ६ | अधिकृत | ७/८ | शिक्षा | शि.प्र. | | १ | | १ | |
| ७ | जन स्वास्थ्य अधिकृत | ७/८ | स्वास्थ्य | ज.स्वा. | | १ | | १ | |
| ८ | इन्जिनियर | ७/८ | इन्जि. | सिभिल | वि.ए.आ. | १ | | १ | |
| ९ | इन्जिनियर | ७/८ | इन्जि. | सिभिल | | १ | | १ | |
| १० | आ.ले.प. अधिकृत | ६ | प्रशासन | लेखा | | १ | | १ | |
| ११ | अधिकृत | ६ | प्रशासन | सा.प्र. | | ३ | | ३ | |
| १२ | प.हे.न. | ५/६ | स्वास्थ्य | क.न. | | १ | | १ | |
| १३ | हेल्थ असिस्टेन्ट | ५/६ | स्वास्थ्य | हे.ई. | | १ | | १ | |
| १४ | सहायक | ५ | प्रशासन | सा.प्र. | | ५ | | ५ | |
| १५ | लेखा सहायक | ५ | प्रशासन | लेखा | | १ | | १ | |
| १६ | प्रा.स. | ५ | शिक्षा | शि.प्र. | | १ | | १ | |
| १७ | सब-इन्जिनियर | ५ | इन्जि. | सिभिल | | २ | | २ | |
| १८ | महिला विकास निरीक्षक | ५ | विविध | | | १ | | १ | |
| १९ | कम्प्युटर अपरेटर | ५ | विविध | | | १ | | १ | |
| २० | सर्भेक्षक | ५ | इन्जि. | सर्भे | | १ | | १ | |
| २१ | सहायक | ४ | प्रशासन | सा.प्र. | | ३ | | ३ | |
| २२ | स.ले.पा. | ४ | प्रशासन | लेखा | | १ | | १ | |
| २३ | सहायक महिला विकास निरीक्षक | ४ | विविध | | | १ | | १ | |
| **कार्यालय तर्फ जम्मा** | | | | | | ३२ | ० | ३१ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **वडा कार्यालय (१३ वटा)** | | | | | | | | | |
| १ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | ६ | | ६ | |
| २ | सव-इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | | ६ | | ६ | |
| ३ | सहायक | चौथो | प्रशासन | सा.प्र. | | ७ | | ७ | |
| ४ | अ. सव-इन्जिनियर | चौथो | इन्जि. | सिभिल | | ७ | | ७ | |
| **वडा कार्यालय तर्फ जम्मा** | | | | | | २६ | | २६ | |
| **कुल जम्मा** | | | | | | ६२ | | ६१ | |
| * | सङ्घको दरबन्दी | | | | | | | | |
| **कृषि तथा पशु सेवा तर्फको दरबन्दी** | | | | | | | | | |
| १ | कृषि विकास अधिकृत | | कृषि | | | १ | | १ | |
| २ | पशु विकास अधिकृत | | कृषि | लापो | | १ | | १ | |
| ३ | प्राविधिक सहायक | | कृषि | | | २ | | २ | |
| ४ | पशु स्वास्थ्य प्राविधिक | | कृषि | भेट | | १ | | १ | |
| ५ | पशु सेवा प्राविधिक | | कृषि | लापो | | १ | | १ | |
| ६ | पशु सेवा प्राविधिक | | कृषि | मत्स्य | | १ | | १ | |
| ७ | नायव पशु स्वास्थ्य प्राविधक | | कृषि | भेट | | १ | | १ | |
| ८ | नायव पशु सेवा प्राविधक | | कृषि | लापो | | १ | | १ | |
| ९ | नायव प्राविधिक सहायक | | कृषि | | | १ | | १ | |
| | कृषि तथा पशु सेवाको कूल दरबन्दी | | | | | १० | | १० | |
| **स्वास्थ्य तर्फको दरबन्दी** | | | | | | | | | |
| १ | हे.अ. (५/६/७ तह) | | स्वास्थ्य | हे इ | | ६ | | ६ | |
| ३ | अ.हे.ब. (४/५/६ तह) | | स्वास्थ्य | हे इ | | १२ | | १२ | |
| ४ | अ.न.मी. (४/५/६ तह) | | स्वास्थ्य | | | १२ | | १२ | |
| | स्वास्थ्य सेवाको जम्मा दरबन्दी | | | | | ३० | ० | ३० | |
| **जम्मा** | | | | | | १०२ | | १०२ | |

यो सङ्गठन संरचना र दरबन्दी नेपाल सरकारबाट स्वीकृत हो। यसमा २०७९ सालको नगर सभाबाट सङ्गठन संरचना र दरबन्दीमा व्यापक पुनरावलोकन गरी कार्यान्वयनमा ल्याइएको छ।

## २.३ विद्यमान संरचना र दरबन्दी सम्बन्धमा देखिएका समस्याहरू

नेपाल सरकार, मन्त्रिपरिषद्को विभिन्न मितिका निर्णय बमोजिम यस नगरपालिकाको कूल १०२ वटा दरबन्दीहरू स्वीकृत भएको छ। जसमध्ये प्रमुख प्रशासकीय अधिकृत सङ्को दरबन्दी रहेको र बाँकी १०१ दरबन्दीहरू नगरपालिकाको रहने गरी निर्णय भएको छ। त्यस्तै यस अगाडि देखि नै कार्यरत कार्यालय सहयोगी दरबन्दीलाई मौजुदा सङ्गठन संरचनामा नदेखाइएको भएतापनि ती समेत गरी जम्मा १६१ कर्मचारीहरू कार्यरत रहेकामा २०७९ सालको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणबाट स्थायी, करार र ज्यालादारी गरी जम्मा २२० कर्मचारी कार्यरत रहेको देखिन्छ।

नगरपालिकाको दरबन्दी

| प्रकृति/तह | अधिकृत | सहायक | जम्मा |
|---|---|---|---|
| स्थायी | ३१ | ७४ | १०५ |
| अस्थायी/करार | ३ | ४० | ४३ |
| श्रेणी विहिन | ० | ७२ | ७२ |
| जम्मा | ३४ | १८६ | २२० |

श्रोत: नगरपालिकाको वार्षिक प्रतिवेदन, २०८१

नेपालको संविधानका विभिन्न अनुसूचीहरू र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भएका अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्न उक्त दरबन्दीबाट अधिकांश शाखा/उपशाखाको कार्य सम्पादनमा सहज नै भएको दरबन्दी विश्लेषणबाट देखियो। हालसम्मको कार्य अनुभव र नगरपालिकाको आन्तरिक श्रोतलाई आधार मानी सङ्गठन संरचना र दरबन्दीमा सामान्य हेरफेर गर्नुका साथै यस अघि भएको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणलाई प्रचलित कानुन र प्रदेश किताबखानामा उल्लिखित दरबन्दीहरूसँग पद नाम, सेवा, समूह र तह व्यापक रूपमा मिलान गर्नुपर्ने र शाखागत कार्य विवरण व्यापक रूपमा तयार गर्नुपर्ने देखियो।

## २.४ कानुनी प्रबन्ध

**विदुर नगरपालिका, नुवाकोटको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका लागि देहायका कानूनी आधारहरू रहेका छन्।**

**क. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को**

**उपदफा** (१) गाउँपालिका तथा नगरपालिकाको आफ्नो कार्य बोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा गाउँपालिका वा नगरपालिकामा विषयगत शाखा वा महाशाखा रहेको सङ्गठन संरचना कायम गर्नु पर्नेछ।

**उपदफा** (२) उपदफा (१) बमोजिमको सङ्गठन संरचनामा हरेक वडाको सङ्गठन संरचना समेत समावेश भएको हुनु पर्नेछ।

**उपदफा** (३) प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका वा नगरपालिकाको अधिकार क्षेत्र तथा कार्य बोझ समेतको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गर्नु पर्नेछ।

**उपदफा** (४) उपदफा (३) बमोजिम कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलब, भत्ता, सञ्चय कोष कट्टी रकम, योगदानमा आधारित उपदान वा निवृत्तिभरण, औषधि उपचार सम्बन्धित बिदा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च व्योहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नु पर्नेछ।

**उपदफा** (५) उपदफा (३) बमोजिम दरबन्दीको प्रस्ताव तयार गर्दा सेवा करारको लागि चाहिने तलब, भत्ता तथा योगदानमा आधारित सामाजिक सुरक्षा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च व्योहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नु पर्नेछ।

**उपदफा** (६) स्थानीय तहको सेवा सञ्चालनको लागि अस्थायी दरबन्दी सिर्जना गर्न सकिने छैन।

**उपदफा** (७) गाउँपालिका तथा नगरपालिकाले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा कुनै कार्य सम्पादन गर्न विशेषज्ञ सेवा आवश्यक पर्ने भई सेवा करारबाट कार्य सम्पादन गर्दा उपयुक्त र प्रभावकारी हुने देखेमा सेवा करारबाट त्यस्तो कार्य गर्न सक्नेछ।

**उपदफा** (८) यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भएतापनि गाउँपालिका तथा नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाई सम्बन्धी पदमा स्थायी पदपूर्ति नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनु पर्नेछ। सो बाहेकका अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न पाइने छैन।

**उपदफा** (९) उपदफा (७) र (८) बमोजिम सेवा करारबाट नियुक्त गरिएका कर्मचारीको सेवा अवधि, पारिश्रमिक तथा अन्य सुविधा सोही करारमा उल्लेख भए बमोजिम हुनेछ।

**उपदफा** (१०) यस दफा बमोजिम तयार गरेको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सभाबाट स्वीकृत गराउनु पर्नेछ।

**ख. कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ को उपदफा (१०)** कर्मचारी समायोजनको कार्य सम्पन्न भई सकेपछि प्रदेश सरकार वा स्थानीय तहले आवश्यकता अनुसार सङ्गठन संरचना वा दरबन्दी थपघट, हेरफेर वा परिमार्जन गर्न सक्नेछन्। सम्बन्धित प्रदेश वा स्थानीय तहबाट अनुरोध भई आएमा नेपाल सरकारले आवश्यक सहयोग गर्नेछ।

**ग. बागमती प्रदेश द्वारा जारी प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन ऐन) २०७९ को दफा ४ बमोजिम स्थानीय सेवाको सङ्गठन संरचना तथा पदपूर्ति व्यवस्थापन गरिए** अनुरूपका दरवन्दी, पद, श्रेणी तह र सेवा समूह र तह अध्ययन तथा विश्लेषण गरिएको छ।

## २.५ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका सिद्धान्तहरु

**विदुर नगरपालिका, नुवाकोटको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका क्रममा देहायका सिद्धान्तहरू अवलम्बन गरिएको छ।**

- कार्य विशिष्टीकरण- मिल्दो वा एकै प्रकृतिको कार्य एकै ठाउँमा राख्ने सिद्धान्त अनुरूप सङ्गठन संरचना प्रस्ताव गरिएको,
- कार्य बोझ र दरबन्दीको किसिम, तह र सङ्ख्याबिच तालमेल मिलाइएको,
- प्रत्येक पदमा आसीन कर्मचारीले हप्तामा ४० घण्टा काम गर्नु पर्ने। कुनै एक दरबन्दी सृजनाको लागि प्रत्येक हप्ता ४० घण्टाको कार्य बोझ (work load) हुनुपर्ने गरी दरबन्दी प्रस्ताव गरिएको,
- दरबन्दी संरचनालाई यथासम्भव घटाइ उपयुक्त आधारमा ल्याइएको,
- सूचना प्रविधिको प्रयोगबाट सङ्गठनको अभिलेख व्यवस्थापन कार्य सरलीकरण, समयको बचत, स्थान व्यवस्थापन (space management) कार्य दक्षता हासिल गर्ने सङ्गठन तथा कार्यविधिलाई IT based बनाउने प्रयास गरिएको,
- सङ्गठन तथा दरबन्दी सिर्जना गर्दा कार्य बोझका आधारमा संरचनाको सिद्धान्त (Structure Based on workload), सङ्गठनात्मक संरचनाको आधारमा जनशक्तिको सिद्धान्त (Staffing based on Functions and Structure), आयतन लाभको सिद्धान्त (Economies of Scale) र सेवा प्रवाहको सुनिश्चितता (Certainty of Service Delivery) लाई ध्यानमा राखी उपयुक्त सङ्गठन संरचना र दरबन्दी सृजना गरिएको।

भाग-३

# ३.१ कार्यक्रम, कार्यबोझ र कार्य प्रकृतिको विश्लेषण

नेपालको संविधानको अनुसूचीमा रहेका स्थानीय तहका एकल तथा साझा अधिकार सूची, गाउँपालिकाद्वारा स्वीकृत कार्य विभाजन नियमावली, २०७४ लाई आधार लिई यस नगरपालिकाको सङ्गठन संरचना, दरबन्दी र कार्य विवरण तयार गरिएको छ। सोही अनुसार यस नगरपालिकामा हाललाई प्रमुख प्रशासकीय अधिकृत सङ्घको रहने गरी साबिकका शाखा र इकाईहरूका कार्यहरूका आधारमा एकीकृत र खण्डित गरिएको हो। बागमती प्रदेशको प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ११३ मा प्रमुख प्रशासकीय अधिकृत प्रदेश निजामती सेवाको पद हुने व्यवस्था गरेको छ। तर सङ्घीय निजामती सेवा ऐन तर्जुमा भइ कार्यान्वयनमा आइनसकेको र हाल सम्म सङ्घबाटै कामकाजमा खटाइराखेको अवस्थामा प्रमुख प्रशासकीय अधिकृत सङ्घकै निजामती सेवाबाट प्रस्ताव गरिएको छ। नगरपालिका अन्तर्गत विभिन्न शाखाहरू र इकाईहरू रहने गरी प्रस्ताव गरिएको छ। नगरपालिकाको कार्यपालिका कार्यालयमा करार/ज्यालादारीमा पदपूर्ति गर्ने गरी प्रस्ताव गरिएका पदहरू विशेष गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोकेका कार्यालय सहयोगी, हेभी सवारी चालक, हलुका सवारी चालक, पाले, स्वीपर जस्ता श्रेणीविहीन दरबन्दीहरू रहेका छन्। प्रस्तावित दरबन्दी नगरपालिकाको वित्तीय श्रोत तथा कामको बोझका आधारमा एकै पटक नभई पटक पटक गरी पदपूर्ति गर्न समेत सिफारिस गरिएको छ। सङ्गठन संरचना र दरबन्दी विवरण क्रमशः अनुसूची १ र २ मा उल्लेख गरिएको छ। शाखा तथा इकाईहरूको कार्य विवरण यसै प्रतिवेदनको अनुसूची ३ मा संलग्न गरिएको छ।

## ३.२ नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदन अनुसार स्थानीय तहका अधिकारहरू

| क्र.सं. | संविधानको अधिकार सूचीका विषय | संविधानको अधिकार सूचीका विषयको विस्तृतीकरण | |
|---|---|---|---|
| १ | नगर प्रहरी | १.१ | स्थानीय सरकारले तर्जुमा गरी लागू गरेका नीति, कानून मापदण्ड, निर्णयहरु कार्यान्वयनमा सहयोग |
| | | १.२ | स्थानीय सरकारको सम्पत्ति संरक्षण |
| | | १.३ | स्थानीय स्तरमा हुने सभा समारोह, परम्परा, जात्रा चाडपर्व आदि व्यवस्थापनमा सहयोग पुर्याउने |
| | | १.४ | स्थानीय बजार, पार्किंग स्थल व्यवस्थापनमा सहयोग |
| | | १.५ | स्थानीय नगर कार्यपालिकाले तोकेका नगर गाउँ प्रहरी सम्बन्धी नीति, योजना, कार्यक्रम बमोजिमका कार्य |
| | | १.६ | स्थानीय कानून बमोजिम नगर सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वयन र कसूर उपर छानवीन र अनुसन्धान |
| | | १.७ | स्थानीय न्यायिक समितिले गरेका आदेश, फैसला कार्यान्वयनमा सहयोग |
| | | १.८ | स्थानीय तहको कार्यालय परिसर, सम्पदा, सार्वजिनक, ऐलानी, पर्ति जग्गा, सार्वजनिक भवन तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा |
| | | १.९ | विपद ब्यवस्थापनमा सहयोग |
| | | १.१० | अपराध रोकथाम तथा अनुसन्धानमा सहयोग |
| | | १.११ | संघीय तथा प्रदेश कानूनको अधिनमा रहि नगर प्रहरीको सञ्चालन तथा व्यवस्थापन नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन |
| २ | सहकारी संस्था | २.१ | सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन |
| | | २.२ | स्थानीय सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटन |

| | | | |
|---|---|---|---|
| | | २.३ | सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड, नियमन |
| | | २.४ | सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय विषयगत, प्रादेशिक र स्थानीय संघसंस्थासँग समन्वय र सहकार्य |
| | | २.५ | सहकारी सम्वन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान |
| | | २.६ | स्थानीय सहकारी सम्वन्धी क्षमता अभिवृद्धि |
| | | २.७ | स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन र परिचालन |
| | | २.८ | सहकारी संस्थाको प्रबर्द्धन र विकास |
| ३ | एफ. एम.संञ्चालन | ३.१ | १०० वाट सम्मका एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण र नियमन |
| | | ३.२ | स्थानीय क्षेत्र भित्र इन्टरनेट सेवा, टेलिसेन्टर र स्थानीय केबुल तथा तार विहिन टेलीभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन |
| ४ | स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत | ४.१ | आर्थिक कार्यविधि सम्वन्धी स्थानीय नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन |
| | | ४.२ | बजेट सीमा, निर्धारण, तर्जुमा, कार्यान्वयन र नियमन |
| | | ४.३ | स्थानीय सञ्चित कोष व्यवस्थापन |
| | | ४.४ | आर्थिक प्रशासन र व्यवस्थापन |
| | | ४.५ | स्थानीय तहको लगानी र लाभांशको व्यवस्थापन |
| | | ४.६ | स्थानीय तहको विनियोजन, राजस्व, धरौटी, कार्यसञ्चालन कोष एवं अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण, लेखा तथा लेखापरीक्षण |
| | | ४.७ | सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत, वहाल विटौरी घर जग्गा कर, मृत वा मारिएको जीव जन्तुको हाड, सिंग, प्वाँख, छालामा कर, प्राकृतिक स्रोत साधन व्यवसायिक कर सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन, बाँडफाँड, संकलन र नियमन |

| | | | |
|---|---|---|---|
| | संकलन (अनुसूची ९ (६) बाट समेत) | ४.८ | स्थानीय पूर्वाधार तथा सेवामा शुल्क निर्धारण र संकलन र व्यवस्थापन |
| | | ४.९ | ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग र न्याफ्टिङ्ग शुल्क |
| | | ५१० | स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन |
| | | ५११ | राजस्व सूचना तथा तथ्यांकको आदान प्रदान |
| | | ५१२ | स्थानीय तहमा राजस्व नियन्त्रण सम्वन्धी नीति, कानुन, मापदण्ड र नियमन |
| | | ५.१३ | स्थानीय पुर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानुन, मापदण्ड रनियमन |
| ५ | स्थानीय सेवाको व्यवस्थापन | ५.१ | स्थानीय सेवाको व्यवस्थापन सम्वन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन |
| | | ५.२ | संविधानको धारा ३०२ समेतका आधारमा कर्मचारी समायोजन पछि वित्तीय स्रोतका अधिनमा रहि आवश्यकता अनुसार कानून बमोजिम स्थानीय सेवाको गठन, संचालन र व्यवस्थापन |
| | | ५.३ | स्थानीय तहको संगठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास |
| | | ५.४ | संक्रमणकालीन व्यवस्थापन अन्तर्गत केन्द्रीय सरकारबाट स्थानीय तहमा समायोजन भई आउने कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय |
| | | ५.५ | कानून बमोजिम स्थानीय तहको संगठन संरचना तथा दरबन्दी निर्धारण |
| | | ५.६ | स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग,प्रवर्द्धन र नियमन |
| ६ | स्थानीय तथ्यांक र अभिलेख संकलन (अनुसूची ९ को११ समेत) | ६.१ | स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| | | ६.२ | बेरोजगारको तथ्याङ्क सहित स्थानीय तहका आधारभूत तथ्याङ्क संकलन र व्यवस्थापन |
| | | ६.३ | पञ्जीकरण व्यवस्थापन |
| | | ६.४ | स्थानीय तहको तथ्याङ्कीय अभिलेख व्यवस्थापन |

| | | | |
|---|---|---|---|
| | | ६.५ | स्थानीय तहमा सूचना तथा सञ्चार प्रविधियुक्त तथ्याङ्क व्यवस्थापन |
| ७ | स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरु | ७ | **स्थानीय स्तरका विकास आयोजना परियोजनाहरु** |
| | | ७.१ | स्थानीय स्तरका आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरुको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन |
| | | ७.२ | अध्ययन, अनुसन्धान, आयोजना प्रभाव मुल्याङ्कन |
| | | ७.३ | स्थानीय तहका संभाव्य प्राकृतिक श्रोत, साधनको अभिलेख (प्रोफाईल) तयार गर्ने |
| | | ७.४ | स्थानिय स्तरका विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना रनियमन |
| | | ७.५ | सहरी विकास, बस्ती विकास र भवन सम्बन्धी स्थानिय तहको नीति, कानून, मापदण्ड र योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन |
| | | ७.६ | राष्ट्रिय भवन संहिता र मापदण्ड बमोजिम भवन निर्माण अनुमति र नियमन |
| | | ७.७ | स्थानीय तहका सरकारी भवन, विद्यालय, सामुदायीक भवन, सभागृह तथा अन्य सार्वजनिक भवन र संरचना निर्माण र मर्मत संभार |
| | | ७.८ | संघीय र प्रादेशिक आयोजना, परियोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग |
| ८ | आधारभूत तथा माध्यमिक शिक्षा | ८.१ | प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक (गुरुकुल, मदरसा, गुम्वा आदि) एवम् निरन्तर सिकाइ तथा विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| | | ८.२ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति र नियमन |
| | | ८.३ | पाठ्यक्रम र पाठ्यसामग्री वितरण र कार्यान्वयन |
| | | ८.४ | विद्यालय शिक्षक एवं कर्मचारीको व्यवस्थापन |

| | | | |
|---|---|---|---|
| | | ८.५ | विद्यालय नक्शाङ्कन, विद्यालयको अनुमति, स्वीकृति, समायोजन र नियमन |
| | | ८.६ | शैक्षिक पूर्वाधार निर्माण र मर्मत संभार |
| | | ८.७ | आधारभूत तह (कक्षा ८) को परीक्षा व्यवस्थापन |
| | | ८.८ | विद्यार्थी सिकाई उपलब्धी परीक्षण र व्यवस्थापन |
| | | ८.९ | विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन |
| | | ८.१० | शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन |
| | | ८.११ | स्थानीय तहका शैक्षिक ज्ञान, सिप र प्रविधि संरक्षण, प्रबर्द्धन र स्तरीकरण |
| | | ८.१२ | स्थानीय पुस्तकालय र वाचनालय सञ्चालन तथा व्यवस्थापन |
| | | ८.१३ | माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन |
| ९ | आधारभूत स्वास्थ्य र सरसफाई | ९.१ | आधारभूत स्वास्थ्य र सरसफाई सम्वन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन तथा नियमन |
| | | ९.२ | आधारभूत स्वास्थ्य सेवा संचालन र प्रवर्द्धन |
| | | ९.३ | अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन |
| | | ९.४ | स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन |
| | | ९.५ | स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनि प्रदूषण नियन्त्रण |
| | | ९.६ | सरसफाई सचेतना अभिवृद्धि र स्वास्थ्यजन्य फोहोर व्यवस्थापन |
| | | ९.७ | स्वास्थ्यजन्य फोहरमैला संकलन, पुनर्उपयोग, प्रशोधन, विसर्जन, सेवा शुल्क निर्धारण र नियमन |
| | | ९.८ | रक्त संचार सेवा, स्थानीय तथा शहरी स्वास्थ्य सेवा |
| | | ९.९ | औषधि पसल सञ्चालन र नियमन |
| | स्वास्थ्य | ३.१ | राष्ट्रिय तथा प्रादेशिक लक्ष्य र मापदण्ड बमोजिम स्थानीय स्तरको लक्ष्य र गुणस्तर निर्धारण |

| | | | |
|---|---|---|---|
| अनुसूची ९ को ३ बाट | | ३.२ | राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप जनरल अस्पताल र नर्सिङ्ग होम, निदानकेन्द्र र अन्य स्वास्थ्य संस्थाहरुको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन |
| | | ३.४ | स्थानीय स्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण |
| | | ३.५ | स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रम व्यवस्थापन |
| | | ३.६ | स्थानीयस्तरमा औषधी तथा अन्य मेडिकल उत्पादनहरुको न्यूनतम मूल्य निर्धारण तथा नियमन |
| | | ३.७ | स्थानीयस्तरमा औषधिको उचित प्रयोग र सूक्ष्म जीवनिरोधक प्रतिरोध (Antimicrobial Resistance) न्यूनीकरण |
| | | ३.८ | स्थानीयस्तरमा औषधी र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण |
| | | ३.९ | स्थानीयस्तरमा स्वास्थ्य सूचना प्रणाली व्यवस्थापन |
| | | ३.१० | स्थानीयस्तरमा जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) |
| | | ३.११ | स्थानीयस्तरको प्रर्वधनात्मक र प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थानात्मक र प्यालिएटिभस्वास्थ्य सेवा सञ्चालन |
| | | ३.१२ | स्वस्थ जीवनशैली, पोषण, शारीरिक ब्यायाम, योग अभ्यास, स्वास्थ्यवृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन |
| | | ३.१३ | जुनोटिक र कीटजन्य रोग नियन्त्रण तथा व्यवस्थापन |
| | | ३.१४ | सुर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि |
| | | ३.१५ | आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवा व्यवस्थापन |
| | | ३.१६ | स्थानीयस्तरमा जनस्वास्थ्य आपत्कालीन स्वास्थ्य, महामारी नियन्त्रण योजना र कार्यान्वयन |

| | | | |
|---|---|---|---|
| | | ३.१७ | स्थानीयस्तरमा सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम |
| | | ३.१८ | आकस्मिक स्वास्थ्य सेवा प्रवाह |
| १० | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता (अनुसूची ९ (७) समेत) | **१०.१** | **स्थानीय बजार व्यवस्थापन** |
| | | १०.१.१ | स्थानीय व्यापार/वाणिज्य, माग/ आपूर्ति, बजार व्यवस्थापन तथा अनुगमन र उपभोक्ता अधिकार एवम् हित सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन |
| | | १०.१.२ | स्थानीय बजार तथा हाटबजार व्यवस्थापन |
| | | १०.१.३ | स्थानीय वस्तुहरूको उत्पादन आपूर्ति तथा निकासी प्रक्षेपण मूल्य निर्धारण र अनुगमन |
| | | १०.१.४ | स्थानीय व्यापार/वाणिज्य सम्वन्धी पूर्वाधार |
| | | १०.१.५ | स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन |
| | | १०.१.६ | स्थानीयस्तरका व्यापारिक फर्म दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन |
| | | १०.१.७ | स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान |
| | | १०.१.८ | निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य |
| | | १०.१.९ | स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन |
| | | १०.१.१० | स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन |
| | | १०.१.११ | उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु एवं सेवाको गुणस्तर परीक्षण |
| | | **१०.२** | **वातावरण संरक्षण र जैविक विविधता** |
| | | १०.२.१ | स्थानीय वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन- |
| | | १०.२.२ | स्थानीय स्तरमा वातावरणीय जोखिम न्यूनीकरण |
| | | १०.२.३ | स्थानीय स्तरमा प्रदूषण नियन्त्रण र हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन |

| | | | |
|---|---|---|---|
| | | १०.२.४ | स्थानीय स्तरमा सरसफाई र फोहर व्यवस्थापन |
| | | १०.२.५ | स्थानीय स्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन |
| | | १०.२.६ | स्थानीय स्तरमा हरित क्षेत्र प्रवर्द्धन |
| | | १०.२.७ | स्थानीय स्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन |
| ११ | स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ (अनुसूची ९(५) समेतबाट) | ११.१ | स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| | | ११.२ | स्थानीय सडक, ग्रामीण सडक, कृषी सडक, झोलुङ्गे पुल, पुलेसा, सिंचाइ र तटबन्धन सम्वन्धी स्थानीय तहको गुरुयोजना तर्जुमा, निर्माण/स्तरोन्नतिका आयोजना पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत, संभार, नियमन |
| | | ११.३ | स्थानीय क्षेत्रमा ट्रली बस, ट्रामजस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| | | ११.४ | राष्ट्रिय रेल पूर्वाधारको उपयोग गरी महानगरीय (मेट्रोसिटी) क्षेत्रभित्र शहरी रेलसेवा सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार, समन्वय र सहकार्य |
| | | ११.५ | स्थानीय तहमा यातायात सुरक्षा व्यवस्थापन र नियमन |
| १२ | गाउँसभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन | १२.१ | गाउँसभा, नगरसभाले आआफ्नो क्षेत्रको नीति, कानून र मापदण्डको स्वीकृति |
| | | १२.२ | स्थानीय स्तरका आवधिक योजना तथा वार्षिक योजना एवम् बजेट स्वीकृति |
| | | १२.३ | स्थानीय सरकारलाई प्राप्त जिम्मेवारी वमोजिम आफ्नो क्षेत्रभित्र राजश्वका दर र अन्य शुल्क निर्धारण |
| | | १२.४ | स्थानीय स्तरको प्राकृतिक श्रोतको उपयोग सम्बन्धी नीति निर्धारण र कार्यान्वयन तथा प्रदेश र संघीय मापदण्ड पालना |
| | | १२.५ | स्थानीय सामुदायिक मेलपिलाप र मध्यस्थता |

| | | | |
|---|---|---|---|
| १३ | स्थानीय अभिलेख व्यवस्थापन | १३.१ | स्थानीय अभिलेख व्यवस्थापन सम्वन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| | | १३.२ | स्थानीय स्तरको अभिलेख व्यवस्थापन |
| १४ | घरजग्गा धनी पुर्जा वितरण | १४.१ | प्रादेशिक मापदण्ड बमोजिम स्थानीय घर जग्गा धनी पुर्जा वितरण लगत व्यवस्थापन |
| | | १४.२ | भूमिको वर्गीकरण अनुसारको लगत |
| | | १४.३ | स्थानीय जग्गाको कित्ता काट र भूमि लगत (नक्सा, सेस्ता) निर्माण र संरक्षण |
| | | १४.४ | सरकारी प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण एवं वितरणमा समन्वय र सहजीकरण |
| | | १४.५ | जग्गा विवाद समाधान |
| | | १४.६ | विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका एवं वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत |
| १५ | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थय, सहकारी र कृषि अनुसूची ९(४) | **१५.१** | **कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य** |
| | | १५.१.१ | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| | | १५.१.२ | कृषि तथा पशुपन्छी बजार सूचना, बजार तथा हाटबजार पूर्वाधार निर्माण, साना सिंचाइनिर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामग्री आपूर्ति र कृषक क्षमता विकासकार्यक्रम संचालन र नियमन |
| | | १५.१.३ | कृषि तथा पशुपंछीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रण |
| | | १५.१.४ | पशुपन्छी चिकित्सा सेवा व्यवस्थापन |
| | | १५.१.५ | कृषि वातावरण संरक्षण, जैविक विविधता संरक्षण र प्रबर्द्धन |
| | | १५.१.६ | उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्धन तथा विकास र बजारीकरण |
| | | १५.१.७ | पशुनश्ल सुधार पद्धति विकास र व्यवस्थापन |

| | | | |
|---|---|---|---|
| | | १५.१.८ | स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन |
| | | १५.१.९ | पशु आहार गुणस्तर नियमन |
| | | १५.१.१० | स्थानीय स्तरमा तथ्याङ्क व्यवस्थापन र सूचना प्रणाली |
| | | १५.१.११ | बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन |
| | | १५.१.१२ | कृषि तथा पशुपन्छी सम्वन्धी बीमा र कर्जा सहजीकरण |
| | | १५.१.१३ | साना सिंचाई निर्माण तथा सुधार |
| १६ | जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन | १६.१ | संघ र प्रदेशले निर्धारण गरेको मापदण्ड बमोजिम स्थानीय स्तरमा सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयन |
| १७ | बेरोजगारको तथ्यांक संकलन अनुसूची ८(१७) | १७.१ | रोजगार र बेरोजगारको तथ्यांक संकलन, प्रशोधन रसूचना प्रणाली |
| | | १७.२ | विदेशी श्रमिकको सूचना व्यवस्थापन |
| १८ | कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण | १८.१ | कृषि प्रसार सम्वन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| | | १८.२ | स्थानीय तहमा कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन |
| | | १८.३ | कृषकहरुको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण |
| | | १८.४ | बिउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरुको आपूर्ति, उपयोग र नियमन |
| | | १८.५ | कृषक समूह, सहकारी र स्थानीय सम्वद्ध संघसंस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन |
| | | १८.६ | स्थानीय स्तरमा कृषि सम्वन्धी प्रविधि संरक्षण र हस्तान्तरण |
| | | १८.७ | कृषिसम्वन्धी सूचना प्रचारप्रसार |
| | | १८.८ | स्थानीयस्तरको स्रोत केन्द्रहरुको विकास र व्यवस्थापन |

| | | | |
|---|---|---|---|
| १९ | खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा (अनुसूची ९(५), अनुसूची ९(७) समेतबाट) | १९.१ | **खानेपानी** |
| | | १९.१.१ | स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| | | १९.१.१ | खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन सम्बन्धी |
| | | १९.२ | **साना जलविद्युत आयोजना,** |
| | | १९.२.१ | साना जलविद्युत आयोजना सम्बन्धी स्थानीय स्तरको नीति, कानून, मापदण्ड,योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| | | १९.२.२ | स्थानीय खानेपानी, साना जलबिद्युत आयोजना, वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड र योजना, कार्यान्वयन र नियमन |
| | | १९.२.३ | स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन र नियमन |
| | | १९.२.४ | खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन |
| | | १९.२.५ | स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालन र मर्मत-संभार सेवा शुल्क निधारण र संकलन व्यबस्थापन |
| | | १९.२.६ | स्थानीय तटबन्ध नदी तथा पहिरो नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन |
| | | १९.३ | **वैकल्पिक ऊर्जा** |
| | | १९.३.१ | स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| | | १९.३.२ | स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि एवं प्रवर्द्धन |
| २० | विपद व्यवस्थापन | २०.१ | विपद् व्यवस्थापन सम्वन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| | | २०.२ | स्थानीय स्तर विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना |
| | | २०.३ | स्थानीय स्तरमा विपद् पूर्व तयारी, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय |

| | | | |
|---|---|---|---|
| | | २०.४ | विपद् जोखिम क्षेत्रको नक्सांकन, बस्तीहरूको पहिचान र स्थानान्तरण |
| | | २०.५ | विपद व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघसंस्था तथा निजीक्षेत्रसँग सहयोग, समन्वय र सहकार्य |
| | | २०.६ | विपद् कोष स्थापना तथा संचालन र स्रोत साधनको परिचालन |
| | | २०.७ | विपद् जोखिम न्यूनीकरणका स्थानीयस्तर आयोजना तर्जुमा, कार्यान्वयन र नियमन |
| | | २०.८ | विपद् पश्चात स्थानीयस्तरको पुनस्थापन र पुनर्निर्माण |
| | | २०.९ | स्थानीयस्तरको विपद सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान |
| | | २०.१० | स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली |
| २१ | जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण | **२१.१** | **जलाधार तथा वन्यजन्तु** |
| | | २१.१.१ | जलाधार तथा वन्यजन्तु सम्वन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| | | २१.१.२ | प्राकृतिक प्रकोप रोकथाम र पूर्व तयारी |
| | | २१.१.३ | सामुदायिक भूसंरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम |
| | | २१.१.४ | पानी मुहान संरक्षण |
| | | २१.१.५ | भूसंरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन |
| | | **२१.२** | **खानी तथा खनिज पदार्थको संरक्षण** |
| | | २१.२.१ | खानी तथा खनिज पदार्थको संरक्षण सम्वन्धी नीति, कानून, मापदण्ड र नियमन |
| | | २१.२.२ | ढुंगा, गिट्टी, बालुवा, नुन, माटो, फायर क्ले तथा स्लेट आदि खानीजन्य वस्तु सम्वन्धी सर्वेक्षण, अन्वेषण, उत्खनन |
| | | २१.२.३ | ढुंगा, गिट्टी, बालुवा, नुन, माटो, फायरक्ले तथा स्लेट आदि खानीजन्य वस्तुको संरक्षण, विकास, उत्खनन् र उपयोग सम्वन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन |
| | | २१.२.४ | स्थानीय खानी तथा खनीज पदार्थ सम्बन्धी सूचना तथा तथ्यांक संकलन, अभिलेखन तथा व्यवस्थापन |

| | | | |
|---|---|---|---|
| २२ | भाषासंस्कृति र ललितकलाको संरक्षण र विकास | २२.१ | भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन नियमन |
| | | २२.२ | पुरातत्व, प्राचीन स्मारक र संग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास |
| | | २२.३ | परम्परागरत जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन |
| **संविधानको अनुसूची (९) मा उल्लिखित साझा अधिकारको विस्तृतीकरण** | | | |
| १ | सहकारी | १.१ | सहकारी अनुसूची ८ (२) मा समावेश भएको |
| २ | शिक्षा, खेलकूद र पत्रपत्रिका | २.१ | शिक्षा (अनुसूची ८ (८) अन्तरगत समावेश) |
| | | २.२ | स्थानीयस्तरमा खेलकुदको संरचना पूर्वाधार निर्माण, सञ्चालन तथा विकास |
| | | २.३ | स्थानीयस्तरमा खेलकूद प्रशासन र संघसंस्थाको नियमन र समन्वय |
| | | २.४ | खेलकूद विकास र प्रवर्द्धन |
| | | २.५ | राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता आयोजना र सहभागिता |
| | | २.६ | खेलकूद सम्वन्धी प्रादेशिक पूर्वाधारको विकास |
| | | २.७ | स्थानीय तहका पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख र नियमन |
| ३ | स्वास्थ्य | ३ | अनुसूची ८ (८) अन्तरगत समावेश |
| ४ | कृषि | ४ | अनुसूची ८को १५ र १८ मा समावेश |
| ५ | विद्युत, खानेपानी, सिंचाइ जस्ता सेवाहरू | ५.१ | विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन |
| | | ५.२ | खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन |
| | | ५.३ | स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालन र मर्मत-संभार सेवा शुल्क निर्धारण र संकलन व्यबस्थापन |
| | | ५.४ | स्थानीय तटबन्ध नदी नियन्त्रण तथा नदी व्यवस्थापन नियमन अनुगमन |
| | | ५.५ | स्थानीय पहिरो नियन्त्रण व्यबस्थापन नियमन अनुगमन |
| ६ | सेवाशुल्क, दस्तुर, दण्ड | ६.१ | स्थानीय सेवाशुल्क, दस्तुर, दण्ड जरिवाना सम्बन्धी नीति, कानुन, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन र नियमन |

| | | | |
|---|---|---|---|
| | जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क (अनुसूची ९ (१४) बाट समेत) | ६.२ | संघीय कानुन र प्रदेश कानुन बमोजिम अख्तियारी दिइएका प्राकृतिक श्रोत साधन र सेवाशुल्क जस्ता रोयल्टी संकलन, समन्वय र नियमन |
| | | ६.२ | कम मूल्यका खनीज पदार्थको उत्खनन् र प्रयोगबाट प्राप्त रोयल्टी |
| | | ६.३ | सामुदायिक बनको संचालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी |
| | | ६.४ | पानीघट्ट, कूलो, पैनी आदि संचालनबाट प्राप्त रोयल्टी |
| ७ | वन, जंगल, वन्यजन्तु, चराचुरूंगी, जल उपयोग, वातावरण पर्यावरण तथा जैविक विविधता (अनुसूची ८ को १० समेत) | ७.१ | **वन, जंगल, वन्यजन्तु र चराचुरूंगी** |
| | | ७.१.१ | स्थानीयस्तरमा सामुदायिक, ग्रामिण तथा सहरी, धार्मिक, कवुलियती वनको संरक्षण, सम्वर्द्धन, उपयोग र नियमन एवं वन उपभोक्ता समूहको व्यवस्थापन |
| | | ७.१.२ | मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापन |
| | | ७.१.३ | स्थानीयस्तरमा नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनार वृक्षारोपण व्यवस्थापन |
| | | ७.१.४ | स्थानीयस्तरमा निजी तथा व्यवसायिक वनको प्रवर्द्धन तथा नियमन |
| | | ७.१.५ | स्थानीयस्तरमा सार्वजनिक खाली जग्गा र नाङ्गा पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार र उपयोग तथा व्यवस्थापन |
| | | ७.१.६ | स्थानीयस्तरमा जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्वन्धी, सर्भेक्षण, उत्पादन, संकलन, प्रवर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन |
| | | ७.१.७ | वनबीउ बगैंचा (Breeding Seed Orchards - BSOs) स्थापना, व्यवस्थापन र प्रवर्द्धन |
| | | ७.१.८ | नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन |
| | | ७.१.९ | वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यवसायिक पालन, उपयोग र अनुगमन |
| | | ७.१.१० | मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन |
| | | ७.१.११ | स्थानीयप्राणी उद्यान (चिडियाखाना) स्थापना र सञ्चालन |
| | | ७.१.१२ | स्थानीय वन्यजन्तु पर्यटन र आय आर्जन |

| | | | |
|---|---|---|---|
| | | ७.१.१३ | स्थानीयस्तरमा आखेटोपहार व्यवस्थापन |
| | | ७.१.१४ | स्थानीयस्तरमा वन, वन्यजन्तु र चराचुरुङ्गीको अभिलेखाङ्कन तथा अध्ययन अनुसन्धान |
| | | **७.२** | **वातावरण पर्यावरण तथा जैविक विविधता** |
| | | ७.२.१ | रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन |
| | | ७.२.२ | मिचाह प्रजातिको नियन्त्रण |
| | | ७.२.३ | स्थानीयस्तरको जोखिम न्यूनीकरण |
| | | ७.२.३ | जैविक विविधताको अभिलेखाङ्कन |
| | | ७.२.५ | स्थानीयस्तरमा हरियाली प्रवर्द्धन |
| | | ७.२.६ | स्थानीय साना जल उपयोग सम्बन्धी क्षेत्रगत अयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन |
| ८ | खानी तथा खनीज | ८ | अनुसूची ८(२१) मा समावेश भएको |
| ९ | विपद् व्यवस्थापन | ९ | अनुसूची ८(२०) मा समावेश भएको |
| १० | सामाजिक सुरक्षा र गरिबी निवारण | **१०.१** | **सामाजिक सुरक्षा** |
| | | १०.१.१ | सामाजिक सुरक्षा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड र नियमन |
| | | १०.१.२ | पहिचान भएका एवं लक्षित समूह सम्वन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन |
| | | १०.१.३ | सामाजिक सुरक्षा सम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय निकाय तथा संघसंस्थासँग सम्पर्क, समन्वय र सहकार्य |
| | | १०.१.४ | सामाजिक सुरक्षा सम्वन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन |
| | | **१०.२** | **गरीवी निवारण** |
| | | १०.२.१ | गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, नियमन र अध्ययन अनुसन्धान |
| | | १०.२.२ | गरिब घरपरिवार पहिचान सम्वन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन |
| | | १०.२.३ | स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन |

| | | | |
|---|---|---|---|
| | | १०.२.४ | राष्ट्रिय, प्रादेशिक र स्थानीय संघसंस्थासँग सम्पर्क, समन्वय र सहकार्य |
| ११ | व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्यांक | ११.१ | संघीय कानून र मापदण्ड बमोजिम स्थानीय तहमा व्यक्तिगत घटना (जन्म,मृत्यु, विबाह, बसाइ-सराइ सम्बन्ध विच्छेद र धर्मपुत्र/धर्मपुत्री, बसाइ-सराइ) को दर्ता |
| | | ११.१.१ | आधुनिक प्रविधि अपनाइ व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन |
| | | **११.२** | **तथ्याङ्क** |
| | | ११.२.१ | स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| १२ | पुरातत्व, प्राचीन स्मारक र संग्रहालय | १२.१ | स्थानीय स्तरमा पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण, सम्बर्धन र पुननिर्माण |
| १३ | सुकुम्बासी व्यवस्थापन | १३.१ | संघीय र प्रदेश कानून बमोजिम स्थानीय तहमा सुकुम्बासी पहिचान र अभिलेख व्यवस्था |
| | | १३.२ | स्थानीयस्तरमा सुकुम्बासी सम्वन्धी जीविकोपार्जन र बसोबास व्यवस्था |
| १४ | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी | १४.१ | अनुसूची ९ (६) मा समावेस |
| १५ | सवारीसाधन अनुमति | १५.१ | यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| | | १५.२ | स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन |
| | | १५.३ | ट्याक्सी सेवा अनुमति, व्यवस्थापन र नियमन |
| | | १५.४ | वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद जोखिम संवेदी, अपाङ्गता र लैङ्गिक मैत्री यातायात प्रणालीको स्थानीय तहमा प्रवर्द्धन |
| | | | |

| संविधानका मौलिक हक र राज्यका निर्देशक सिद्धान्त,राज्यका नीति सम्बन्धी धारा र अन्य धारामा उल्लिखित कार्यको विस्तृतीकरण | | | |
|---|---|---|---|
| | | | **संस्कृतिक्षेत्र** |
| १ | संस्कृतिक्षेत्र | १.१ | स्थानीयस्तरमा गुठी अन्तर्गत परम्परागरत रुपमा चलिआएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन |
| | धार्मिक तथा सांस्कृतिक सम्पदाको व्यवस्थापन | २ | धार्मिक तथा सांस्कृतिक सम्पदाको व्यवस्थापन |
| २ | | २.१ | स्थानीय महत्वका धार्मिक तथा सांस्कृतिक सम्पदाको व्यवस्थापन |
| | आवासको हक | **३** | **आवासको हक** |
| ३ | | ३.१ | आधारभूत आवासका योजना तर्जुमा र कार्यान्वयन (स्थानीय तह) |
| | | | महिला सम्बन्धी |
| | | ४.१ | महिलाहक सम्बन्धी नीति, योजना, कार्यान्वयन, समन्वय र नियमन |
| ४ | महिला हक सम्बन्धी | ४.२ | स्थानीयस्तरमा महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तीकरण र क्षमता विकास |
| | | ४.३ | लैंगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक, संरक्षणात्मक उपाय र पुनस्थापना |
| | | ४.४ | लैंगिक उत्तरदायी वजेट र परीक्षण सम्बन्धी कार्य |
| | | | बालबालिका क्षेत्र |
| | | १.१ | बालबालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| | | ५.२ | स्थानीयस्तरमा बालबालिकाको हकहित संरक्षण |
| ५ | महिला तथा बालबालिका क्षेत्र | ५.३ | स्थानीयस्तरमा बालमैत्री शासकीय प्रवन्ध, बाल क्लव, स्थानीय बाल संरक्षण समिति र बाल सञ्जाल |
| | | ५.४ | बालबालिकाको हकहित संरक्षण सम्बन्धी संघ, प्रदेश, निकाय र संघसंस्थासँग सम्पर्क, समन्वय र सहकार्य |
| | | ५.५ | स्थानीयस्तरमा बालबालिका परिवार सहयोग |
| | | ५.६ | स्थानीयस्तरमा वैकल्पिक स्याहार पद्धतिको कार्यान्वयन |

| | | | |
|---|---|---|---|
| | | ५.७ | स्थानीयस्तरमा बाल न्याय |
| | | ५.८ | स्थानीयस्तरमा बाल गृह /पुनर्स्थापन केन्द्र, शिशु स्याहार केन्द्र र बाल विकास केन्द्र व्यवस्थापन |
| | | ५.९ | स्थानीय स्तरमा सडक बालवालिका व्यवस्थापन |
| | | ५.१ | स्थानीय स्तरमा बालबालिकाको हिंसा नियन्त्रण |
| | | ५.१ | बालसुधार तथा पुनर्स्थापना केन्द्र स्थापना, संचालन, अनुमति र नियमन |
| | | ५.१२ | आपत्कालीन बाल उद्धार कोष स्थापना र व्यवस्थापन |
| ६ | युवाक्षेत्र | ६ | युवाक्षेत्र |
| | | ६.१ | स्थानीयस्तरमा युवा जागरण, सशक्तीकरण र परिचालन |
| | | ६.२ | स्थानीयस्तरमा युवा सीप, उद्यमशिलता तथा नेतृत्व विकास |
| ७ | राज्यका नीति (विकास संवन्धी नीति) | ७ | राज्यका नीति (विकास संवन्धी नीति) |
| | | ७.१ | विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धिका कार्यक्रमको तर्जुमा र कार्यान्वयन (स्थानीय तह) |
| | | ७.२ | वैज्ञानिक अध्ययन, अनुसन्धान र प्रविधि विकासमा लगानी (स्थानीय तह) |
| | | ७.३ | राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास/विस्तारका कार्यक्रमको तर्जुमा र कार्यान्वयन (स्थानीय तह) |
| | | ७.४ | सूचना प्रविधिमा सर्वसाधरण जनताको सहज/सरल पहुँच बारेका कार्यक्रमको तर्जुमा र कार्यान्वयन |
| | | ७.५ | स्थानीयस्तरमा सूचना प्रविधिको प्रयोग तथा उपयोग |
| ८ | राज्यका नीति (प्राकृतिक स्रोत र साधनको संरक्षण, संवर्द्धन र | ८ | राज्यका नीति (प्राकृतिक स्रोत र साधनको संरक्षण, संवर्द्धन र उपयोग संवन्धि नीति) |
| | | ८.१ | जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिंदै जलस्रोतको बहुउपयोगी विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन |
| | | ८.२ | नवीकरणीय उर्जाको उत्पादन तथा विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन |

| | | | |
|---|---|---|---|
| | उपयोग संवन्धि नीति) | ८.३ | जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाई विकासका आयोजनाको कार्यक्रमको तर्जुमा र कार्यान्वयन |
| | | ८.४ | विपद्जोखिम न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयन |
| ९ | राज्यका नीति (नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति) | ९ | राज्यका नीति (नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति) |
| | | ९.१ | आधारभूत बसोबास (प्रदेश स्तर) मा समन्वय |
| | | १.१ | अव्यवस्थित बसोबासको व्यवस्थापनका कार्यक्रमको तर्जुमा र कार्यान्वयन |
| | | ९.३ | योजनावद्ध र व्यवस्थित वस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन । एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन |
| | | ९.४ | आधारभूत यातायात (प्रदेशस्तर) मा समन्वय |
| | | ९.५ | यातायात क्षेत्रमा लगानी अभिवृद्धि |
| | | ९.६ | यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच |
| | | ९.७ | वातावरण अनुकूल/मैत्री प्रविधिलाई प्राथमिकता |
| | | ९.९ | नीजि यातायात नियमन/नियन्त्रण |
| | | ९.१० | सुरक्षित, व्यवस्थित, भरपर्दो र अपाङ्गता-मैत्री यातायात प्रणाली |
| १० | स्थानीय बजेट, वित्तीय व्यवस्थापन र लेखापालन संविधानको भाग-१९ र स्थानीय योजना (स्थानीय | १0.१ | **अर्थ तथा वित्त क्षेत्र** |
| | | १०.१.१ | स्थानीय तहको समष्टिगत आर्थिक अवस्थाको विश्लेषण तथा स्थानीय आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन |
| | | १०.१.२ | आर्थिक साधनको बाँडफाँड र समता एवं स्थानीय विकासका लागि आर्थिक साधनको महत्तम उपयोग तथा परिचालन |
| | | १०.१.३ | स्थानीय राजश्व सम्बन्धी नीति, कानुन तर्जुमा कार्यान्वयन र नियमन |

| | | | |
|---|---|---|---|
| | स्वायत्त शासन ऐन, २०५५) | १०.१.४ | स्थानीय सार्वजनिक खर्च सम्बन्धी नीति तर्जुमा कार्यान्वयन र नियमन |
| | | १०.१.५ | स्थानीय ऋण तथा अनुदानको व्यवस्थापन र नियमन |
| | | १०.१.६ | स्थानीय लगानी प्रक्षेपण (सरकारी, सहकारी र निजी) र वित्तीय व्यवस्थापन |
| | | १०.१.७ | स्थानीय सरकारी सम्पतिको एकीकृत विवरण |
| | | १०.१.८ | स्थानीय सरकारी वाँकी रकमको लगत राख्ने र असुल उपर गर्ने |
| | | ११. | **योजना** |
| | | ११.१.१ | स्थानीय तह विकास नीति, स्थानीय स्तरका अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा र अनुगमन तथा मूल्यांकन |
| | | ११.१.२ | स्थानीय प्राथमिकता प्राप्त क्षेत्र निर्धारण |
| | | ११.१.३ | स्थानीय मानव संशाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा |
| | | ११.१.४ | स्थानीय स्तरमा संचालित केन्द्रीय र प्रादेशिक विकास आयोजना कार्यान्वयन, समन्वय, सहकार्य |
| | | ११.१.५ | अध्ययन अनुसन्धान |
| | | ११.१.६ | वार्षिक विकास कार्यक्रम, स्वीकृति, कार्यान्वयन र नियमन |
| | | ११.१.७ | गरिवी निवारणको रणनीति तर्जुमा |
| | | ११.१.८ | अनुगमन तथा मूल्यांकनको आधार प्रक्रिया निर्धारण, क्षेत्रगत नीतिको अनुगमन तथा मूल्यांकन; विकास आयोजना कार्यान्वयन, अनुगमन र प्रतिफलको समीक्षा |
| | | १२. | **स्थानीय आर्थिक प्रणाली तथा कोष** |
| | | १२.१.१ | स्थानीय सञ्चितकोषबाट खर्च गर्न सकिने सम्बन्धी स्थानीय आर्थिक कार्यविधि सम्वन्धी नीति तथा कानून निर्माण, कार्यान्वयन र नियमन |
| | | १२.१.२ | स्थानीय बजेट सीमा निर्धारण, तर्जुमा, कार्यान्वयन र नियमन |
| | | १२.१.३ | स्थानीय लेखा नियन्त्रण तथा व्यवस्थापन |

| | | | |
|---|---|---|---|
| | | १२.१.४ | स्थानीय सञ्चितकोष संचालन |
| | | १२.१.५ | स्थानीय राजस्व र व्ययको अनुमान |
| | | १२.१.६ | संघीय कानुन र प्रदेश कानुन बमोजिम घाटापूर्तिको श्रोत व्यवस्था |
| | | १२.१.७ | संघ र प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन |
| | | १२.१.८ | स्थानीय खर्च, राजस्व, धरौटी, कार्यसंचालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण, आन्तरिक तथा अन्तिम लेखा परीक्षण |
| ११ | उपाधि, सम्मान र विभूषण | ११ | **उपाधि, सम्मान र विभूषण** |
| | | ११.१ | उपाधि, सम्मान तथा विभूषणको सिफारिस |
| १२ | सन्धि वा सम्झौता | १२ | सन्धि वा सम्झौता |
| | | १२.१ | अन्तर्राष्ट्रिय सन्धि सम्झौताको लागि संघ र प्रदेश तहमा अनुरोध, सिफारिस र सम्झौता कार्यान्वयनमा सहयोग |
| १३ | पर्यटन | १३.१ | स्थानीयस्तरमा पर्यटकीय महत्वका स्थल तथा सम्पदाको पहिचान, संरक्षण र प्रवर्द्धन |
| | | १३.२ | स्थानीय पर्यटन पूर्वाधार विकास र प्रोत्साहन |
| १४ | **खानेपानी** | १४ | सर्वसाधारणको लागि स्वच्छ खानेपानीको उपलब्धता |
| **कार्य विभाजन नियमावली र अन्य ऐन कानून अन्तर्गत भै रहेकाकार्यहरूको विस्तृतीकरण** | | | |
| १ | सार्वजनिक बिदा, उत्सव, उर्दी आादि | **१** | **सार्वजनिक विदा, उत्सव, उर्दी आादि** |
| | | १.१ | स्थानीय तहमा सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आादिमा विदा व्यवस्थापन |
| २ | | २ | **संस्कृति सम्वन्धी** |
| | | २.१ | स्थानीयस्तरमा पुरातात्विक धार्मिक महत्वका सम्पदाहरुको संरक्षण संवर्द्धन सम्बन्धी कार्य |
| | | २.२ | स्थानीयस्तरमा सांस्कृतिक विकास तथा संवर्द्धन सम्वन्धी कार्य |
| ३ | | ३ | **समाजकल्याण र संघसस्था सम्वन्धी** |
| | | ३.१ | स्थानीयस्तरमा समाजकल्याण सम्वन्धी संघसस्थाको दर्ता तथा नियमन |

| | | | |
|---|---|---|---|
| | | ३.२ | गुठी, कोष तथा ट्रष्टहरुको व्यवस्थापन |
| | | ३.३ | ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असाहय बालबालिकाका र एकल महिला सम्वन्धी कार्य |
| ४ | शान्ति तथा पुनःनिर्माण क्षेत्र | ४ | **शान्ति तथा पुनःनिर्माण क्षेत्र** |
| | | ४.१ | स्थानीय शान्ति समिति सम्बन्धी कार्य |
| ५ | उद्योग सम्वन्धी | ५.१ | लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन विकास र प्रवर्द्धन |
| | | ५.२ | लघु, घरेलु र साना उद्योगको विकास र प्रवर्द्धन |
| | | ५.३ | उद्यमशीलता प्रवर्द्धन |

नेपालको संविधानको अनुसूचीमा रहेका स्थानीय तहका एकल तथा साझा अधिकार सूची, स्थानीय सरकारको नगरपालिकाद्वारा स्वीकृत कार्य विभाजन नियमावली, २०७४ लाई आधार लिई यस नगरपालिकाको सङ्गठन संरचना, दरबन्दी र कार्य विवरण तयार गरिएको छ। सोही अनुसार यस नगरपालिकामा हाललाई प्रमुख प्रशासकीय अधिकृत सङ्गको रहने गरी साबिकका शाखा र इकाईहरूका कार्यहरूका आधारमा एकीकृत र खण्डित गरिएको हो। नगरपालिका अन्तर्गत विभिन्न शाखा, उपशाखा/इकाई, कृषि सेवा केन्द्र र पशु सेवा केन्द्र तथा स्वास्थ्यका छुट्टाछुट्टै संरचना रहने गरी प्रस्ताव गरिएको छ। वडा समेत गरी नगरपालिका, कृषि सेवा केन्द्र तथा पशु सेवा केन्द्र र स्वास्थ्यका निकायहरू गरी कूल २५४ जनाको दरबन्दी रहने गरी संरचना प्रस्ताव गरिएको छ। करार सेवाबाट पदपूर्ति गर्न सिफारिस गरिएका दरबन्दी बाहेक अन्य सबै दरबन्दी स्थायी पदपूर्ति गर्न सिफारिस गरिएको छ र करार सेवाबाट पदपूर्ति गर्न प्रस्तावित दरबन्दीमा व्यक्ति करार नभई प्रतिस्पर्धाका आधारमा सेवा करारबाट पदपूर्ति गर्न सिफारिस गरिएको छ। नगरपालिकाको बढ्दो कानुनी कार्य बोझलाई मध्यनजर गरी कानून अधिकृतको दरबन्दी सृजना गर्न प्रस्ताव गरिएको छ भने सूचना तथा प्रविधि शाखा स्थापना गरी कम्प्युटर इन्जिनियर वा अधिकृतको दरबन्दी रहने गरी संरचना प्रस्तावित गरिएको छ। वातावरण तथा सरसफाई शाखालाई वातावरण निरीक्षकले नेतृत्व गर्ने गरी प्रस्ताव गरिएको छ। नगरपालिकामा आवश्यक पर्ने नगर प्रहरीको लागि कार्यविधि बनाई दरबन्दी सृजना गर्ने गरी २० जनाको दरबन्दी प्रस्ताव गरिएको छ। यस दरबन्दीभित्र नगरपालिका अन्तर्गतका सबै शाखा, उपशाखा, इकाई, वडा कार्यालय, कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र तथा स्वास्थ्य संस्थाका कर्मचारीहरू समेटिएको छ।

कार्यालय सहयोगी, हेभी सवारी चालक, हलुका सवारी चालक जस्ता श्रेणीविहीन कर्मचारीको दरबन्दी एकमुष्ट रूपमा प्रशासन शाखामा देखाइएको छ। करार सेवामा भर्ना गरिने यस्ता पदहरूसमेत जोड्दा नगरपालिकाको दरबन्दी संरचना ठुलो हुने देखिन्छ। प्रस्तावित दरबन्दीहरूमध्ये स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा करारबाट पदपूर्ति गर्ने भनी किटान भएका पदहरू करारबाटै पदपूर्ति गर्न र बाँकी दरबन्दीमा स्थायी पदपूर्ति गर्न सिफारिस गरिएको छ। रिक्त दरबन्दीमा नगरपालिकाले कार्य बोझ र आन्तरिक क्षमतालाई आधार मानेर एकै पटक वा पटक पटक पदपूर्ति गर्न सिफारिस गरिएको छ। कम्प्युटर अपरेटर, सहायक कम्प्युटर अपरेटर, आधारभूत स्वास्थ्य सेवा इकाईका स्वास्थ्य तर्फका दरबन्दीलाई करारमा राख्न सिफारिस गरिएको हो। नगर कार्यपालिका र अन्तर्गतका निकायहरूको सङ्गठन संरचना र दरबन्दी विवरण क्रमशः अनुसूची १ र २ मा उल्लेख गरिएको छ भने शाखा तथा इकाईहरू एवं प्राथमिक स्वास्थ्य सेवा केन्द्रको कार्य विवरण यसै प्रतिवेदनको अनुसूची क्रमशः ३, ४ र ५ मा संलग्न गरिएको छ।

## ३.३ उपलब्ध मानव स्रोतको आँकलन

नगरपालिकामा रहने दरबन्दीहरूलाई वाग्मती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को अनुसूचीमा उल्लिखित पद, सेवा, समूह र तहसँग मिल्ने गरी तयार गरिएको छ। कर्मचारी समायोजनको कार्य सम्पन्न भइसकेको हुँदा प्रस्तावित दरबन्दीहरू कुनै पनि फाजिलमा समेत पर्ने छैनन्। सेवा समूह अनुसार कै दरबन्दी प्रस्ताव गरिएको हुँदा खुला प्रतिस्पर्धा वा बढुवाबाट त्यस्ता दरबन्दीहरूमा पदपूर्ति हुनेछ ।

सङ्गठन संरचना र दरबन्दीमा प्रस्ताव गरिएका पदहरूमध्ये नेपाल विविध सेवा, चौथो तथा पाँचौं तहको सहायक कम्प्युटर अपरेटर र कम्प्युटर अपरेटर समेत स्थायी कर्मचारीहरू उपलब्ध नभएमा सेवा करारबाट पदपूर्ति गर्न सकिनेछ।

## ३.४ परिवर्तनको औचित्य

नेपाल सरकारबाट स्थानीय तहहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा नेपालभरिका नगरपालिकाहरूको एउटै सङ्गठन संरचना र एकै किसिमको दरबन्दी रहेकोमा नगरपालिकाको आवश्यकता र क्षमताको आधारमा संविधानमा उल्लिखित स्थानीय तहका एकल तथा साझा अधिकारको सूचि बमोजिमका कार्यहरू प्रभावकारी रूपमा सम्पादन गर्नका लागि हाल नेपाल

सरकारबाट विभिन्न मितिमा स्वीकृत यस नगरपालिकाको सङ्गठन संरचना र दरबन्दी अपर्याप्त भएकाले नगरपालिकाको सङ्गठन संरचना र दरबन्दीलाई प्रभावकारी बनाई कार्य सहजीकरण गर्न यो सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरिएको हो। वाग्मती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ ले व्यवस्था गरेका पद, श्रेणी तथा तहलाई आधार बनाई दरबन्दी तय गरिएको छ।

## ३.५ वित्तीय विश्लेषण र थप दरबन्दीले पर्न सक्ने भार

कार्यान्वयन गर्नका लागि श्रोतको सीमितता एउटा मुख्य चुनौती हो। आन्तरिक राजस्व परिचालन क्षमता अपेक्षाकृत हुन नसक्नु र साधारण खर्चको निरन्तर वृद्धिलाई तालमेल गर्नु नगरपालिकाको लागि प्रमुख चुनौति देखिन्छ। प्रस्तावित सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको प्रतिवेदनमा कूल ६२ जना दरबन्दी थप गर्ने प्रस्ताव गरिएको छ। थपिएको दरबन्दी समेतका आधारमा कूल २३ अधिकृत स्तरका, १५२ सहायक स्तरका र ७९ श्रेणिविहीन दरबन्दी कायम गर्न प्रस्ताव गरिएको छ। यो दरबन्दी पदपूर्ति हुनासाथ अवकाश सम्मको दायित्व निकै ठुलो हुन्छ। मासिक तलब भत्ता जस्ता प्रत्यक्ष खर्च र बिदा अवकाश लगायतका कयौं अप्रत्यक्ष खर्चको जोहो गर्ने सुनिश्चित गरेर मात्र प्रतिवेदन कार्यान्वयनमा लैजानु जरुरी देखिन्छ।

# भाग -४

## ४.१ प्रस्तावित साङ्गठनिक ढाँचाको व्याख्या

यस नगरपालिकाको विगतमा स्वीकृत सङ्गठन संरचना कार्यमूलक र कार्य बोझ अनुरूपको नै देखिएकाले त्यसलाई सामान्य परिवर्तन गरिएको छ। वडा कार्यालयहरूमा विगतमा झैं एक प्रशासनिक र एक प्राविधिक दरबन्दीको अलावा एक सहायक कम्प्युटर अपरेटरको दरबन्दीलाई निरन्तरता दिइएको छ। सबै वडाहरूमा आधारभूत स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यले नगरपालिकाले यस अघि थप गरेका स्वास्थ्य संस्थाहरूलाई निरन्तरता दिने गरी प्रस्ताव गरिएको छ।

## ४.२ प्रस्तावित दरबन्दी विवरणको व्याख्या

नेपाल सरकारबाट विभिन्न मितिमा स्वीकृत यस नगरपालिकाको दरबन्दी नगरपालिकाको कार्यक्षेत्र तथा भौगोलिक क्षेत्र र नगरपालिकाको उपलब्ध श्रोतका आधारमा नगरपालिकाको दरबन्दी प्रस्ताव गरिएको छ। यो दरबन्दी नगरपालिकाले एकै पटक पदपूर्ति नगरी आफ्नो उपलब्ध श्रोत र आवश्यकताका आधारमा क्रमशः पदपूर्ति गर्दै जानु उपयुक्त हुनेछ।

## ४.३ प्रस्तावित दरबन्दीको औचित्य

विकट भौगोलिक अवस्थिति र छरिएर रहेको बस्तीका कारण विदुर नगरपालिकामा स्थानीय सरकार सञ्चालन ऐनले गरेको व्यवस्था बमोजिमका कार्य सम्पादन गर्ने गरी दरबन्दी प्रस्ताव गरिएको छ। यसरी दरबन्दी प्रस्ताव गर्दा सहायक स्तरका कर्मचारीहरू सामान्यतया बढी प्रस्ताव गरिएको छ। दरबन्दी प्रस्ताव गर्दा नगर कार्यपालिकाका पदाधिकारी, प्रमुख प्रशासकीय अधिकृत तथा विषयगत शाखा प्रमुखहरूसँग छलफल गरी अत्यावश्यक कर्मचारीहरूको पहिचान गरिएको हो। नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा विषयगत शाखा प्रमुखहरूबाट हालसम्म काम गर्ने सिलसिलामा महसुस गरिएका दरबन्दी नै निजहरूको सिफारिसमा प्रस्ताव गरिएको हुँदा प्रस्तावित दरबन्दी नगरपालिकाको सेवा प्रवाहका लागि आवश्यक भएको औचित्य पुष्टि हुन्छ। यद्यपि दरबन्दीमा पदपूर्ति गर्दा नगरपालिकाले आफ्नो राजश्व क्षमतालाई समेत आधार मानी पदपूर्ति गर्नुपर्ने भएकाले दरबन्दीको आवश्यकता र

नगरपालिकाको वित्तीय क्षमताको तालमेलका आधारमा मात्र एकै पटक नभई विभिन्न चरणमा पदपूर्ति गर्न सिफारिस गरिएको छ। त्यस्तै सहायक कम्प्युटर अपरेटर, कार्यालय सहयोगी, हलुका सवारी चालक, हे भी सवारी चालक जस्ता पदहरूमा व्यक्ति करार नगरी कुनै सेवा प्रदान गर्ने सङ्घसंस्थाबाट सेवा करारमार्फत प्रतिस्पर्धाका आधारमा पदपूर्ति गर्न सिफारिस गरिएको छ

अनुसूची-१

## ४.४ विदुर नगरपालिका, नगर कार्यपालिका कार्यालयको प्रस्तावित सङ्गठन संरचना

नगरसभा

लेखा, विधायन, सुशासन तथा अन्य समिति

नगर कार्यपालिका

आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास र वातावरण तथा विपद् व्यवस्थापन समिति, युवा तथा खेलकुद विकास समिति, दलित उत्थान विकास समिति

प्रमुख

उपप्रमुख

न्यायिक समिति

**प्रमुख प्रशासकीय अधिकृत ***
उप-सचिव (प्र./सा.प्र.)-१

**<u>प्रशासन शाखा</u>**
शाखा अधिकृत., ७/८. औं (प्र./सा.प्र.)-१, अधिकृत छैटौं-(प्र./सा.प्र.)-१,
ब. सहायक, ५औं (प्र./सा.प्र.)-२, क.अ, ५औं (विविध)-१, स.क. अ., ४ औं (विविध)-१, प्लम्बर,चौथो (इन्जि./सि./ स्या.)-१, इलेक्ट्रिसियन ,चौथो (इन्जि./इ.)-२,
भारी सवारी चालक-७, ह.स.चा.-४, का स- १२, स्वीपर- ३

**<u>पूर्वाधार तथा शहरी विकास शाखा</u>**
ईन्जिनियर, ७/८ औं (ईन्जि./सि./ज.)-१
ल्या.टे ५औं (इन्जि./मे.)-१

**<u>भवन तथा वस्ती विकास शाखा</u>**
ईन्जिनियर,७/८ औं (इ./सि./बि.आ.)-१
सब-ईन्जि, ५औं (इन्जि./सि./बि.आ.)-१
अमिन चौथो (इन्जि./सर्भे)-१

**<u>सा. सु. तथा पञ्जीकरण शाखा (कार्यक्रमतर्फ)</u>**
MIS Operator, ५ औं-१
Field Assistant, चौथो-१

**<u>शिक्षा शाखा</u>**
उप शिक्षा निर्देशक, ९/१०औं (शि./ज.ए.)-१
वि.नि, ७/८ औं (शि./ज.ए.)-१
प्रा.स.,५औं (शि /ज.ए.)- १
स.क.अ, चौथो (विविध)-१

**<u>आर्थिक विकास शाखा</u>**
शाखा अधिकृत., ७/८ औं (प्र./सा.प्र.)-१, स.क.अ., चौथो (विविध)-१,
उद्यम विकास सहजकर्ता-१,
खाद्य अनुसन्धान सहायक ५औं, कृषि, खापोगुनि-१

**<u>पर्यटन तथा सम्पदा उपशाखा</u>**
सहायक ,५औं (.प्र.सा/.प्र)-१

**<u>रोजगार उपशाखा</u>**
रोजगार संयोजक(१

**<u>सहकारी उपशाखा</u>**
ब. सहायक ,५औं (प्र/सा.प्र)-१

**<u>आर्थिक प्रशासन शाखा</u>**
लेखा अधिकृत, ७/८ औं (प्र./ले.)-१
ब.लेखा सहायक, ५औं(प्र./ले.)-२

**<u>महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा</u>**
म.वि.नि., ५औं -(विविध)२

**<u>आन्तरिक लेखा परीक्षण शाखा</u>**
ब. आ.ले.प. सहायक ५औं (प्र./आलेप.)-१

**<u>खरिद तथा भण्डार इकाई</u>**
ब. सहायक, ५औं (प्र./सा.प्र.)-१
स.क.अ, चौथो (विविध)-१

**<u>योजना तथा अनुगमन शाखा</u>**
शाखा अधिकृत., ७/८ औं (प्र./सा.प्र.)-१, ब. सहायक, ५औं (प्र./सा.प्र.)-१, सहायक, चौथो-१ (प्र./सा.प्र.)-१, स.क. अ., चौथो (विविध)-१

**<u>सूचना प्रविधि शाखा</u>**
कम्प्युटर अधि./ ईन्जि.,६औं (विविध)-१
क.अ./स.क.अ. ४/५ औं (विविध)- १
टेक्निसियन ५औ (विविध)-३

**<u>जन स्वास्थ्य शाखा</u>**
ज.स्वा.अधिकृत, ७/८ औं (स्वा./हे इ)-१,
ज.स्वा.नि./सिअहेव ६ औं (स्वा./हे.ई.)-१, क्षयरोग संयोजक ५औं (स्वा./हे.ई.)-१, प.हे.न./सि.अ.न.मि., ५/६ औं(स्वा./क.न.)-१,
मनोसामाजिक परामर्शदाता-१

**<u>राजस्व शाखा</u>**
राजश्व अधिकृत,७/८ औं (प्र/ रा ).-१
ब.प्र .सहायक,५औं (प्र./सा.प्र.)-१
स.क.अ, चौथो (विविध)-१

**वडा कार्यालयहरु-१३ वटा**
ब.सहायक ५औं (प्र./सा.प्र.)-१३, सब.इ ५औं(ई./सि./ज.)-१३, सक. अ, ४ औं १-(विविध)३, ना.प्रा.स. चौथो (कृषि...)-२, ना. प्रा.स. चौथो (कृ/पशु चि.)-२, सामाजिक परिचालक- ८, कार्यालय सहयोगी- १३

**<u>वातावरण तथा सरसफाई शाखा</u>**
वातावरण निरीक्षक ५ औं, (विविध)-१

**<u>पशुपंक्षी सेवा केन्द्र</u>**
पशु विकास अधिकृत ७/८ औं (कृ/पशु चि.)-१, प्रा.स. ५औं (कृ/पशु चि.)-१, प्रा.स. ५औं (कृ/लापोडेडे)-१

**<u>कृषि विकास शाखा</u>**
कृषि प्रसार अधिकृत ७/८औं (कृषि/कृ. प्र.)-१, प्रा.स. ५औं (कृषि/बाली वि.)-१ प्रा.स. ५औं

**<u>कानुन शाखा</u>**
कानुन अधिकृत, ७/८ औं (प्र / कानून) - १
कानुनी सहजकर्ता, ५औं-१

**नगर प्रहरी**
नगर प्रहरी सहायक निरीक्षक-१
नगर प्रहरी हवल्दार-२
नगर प्रहरी जवान-१८

**<u>स्वास्थ्य चौकी ६ (हरेकमा)-</u>** (हे.अ./सिअहेव/ज. स्वा नि.५/६औं.-१, हे.अ./सि.अ.हे.व.५औं-१, अ.हे.व चौथो-१, सि.अ.न.मि./अ.न.मी. ४/५औं -२, ल्याव असिष्टेन्ट ४/५औं -१(चार वटामा मात्र ), का.स.-१)
**<u>आधारभूत स्वास्थ्य सेवा केन्द्र/सहरी स्वास्थ्य केन्द्र १३ वटा (हरेकमा):</u>** (अ.हे.व. ४/५औं -१, अ.न.मि. ४/५औं -१. का.स.-१)

अनुसूची २

# ४.१ विदुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयको प्रस्तावित दरबन्दी तेरिज

| सि.नं. | पद | तह | सेवा | समूह | उपसमूह | मौजुदा दरवन्दी | थप | घट | खुद कायम दरवन्दी | पद संकेत नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्र.प्र.अ. | नवौं/दशौं | प्रशासन | सामान्य प्रशासन | | १ | x | x | १ | | * |
| (अ) | स्थानीय प्रशासन सेवा | | | | | | | | | | |
| (क) | **कानून समुह** | | | | | | | | | | |
| १ | कानून अधिकृत | सातौं/आठौं | प्रशासन | कानून | | x | १ | x | १ | | |
| २ | कानूनी सहजकर्ता | पाँचौं | प्रशासन | कानून | | x | १ | x | १ | | करार |
| (ख) | **सामान्य प्रशासन समुह** | | | | | | | | | | |
| १ | वरिष्ठ शाखा अधिकृत | सातौं/आठौं | प्रशासन | सामान्य प्रशासन | | १ | २ | x | ३ | | |
| २ | अधिकृत | छैटौं | प्रशासन | सामान्य प्रशासन | | ३ | x | २ | १ | | |
| ३ | सहायक | पाँचौं | प्रशासन | सामान्य प्रशासन | | ५ | x | २ | ३ | | |
| ४ | वरिष्ठ सहायक वडा सचिव | पाँचौं | प्रशासन | सामान्य प्रशासन | | ५ | ८ | x | १३ | | |
| ५ | सहायक | चौंथो | प्रशासन | सामान्य प्रशासन | | २ | x | x | २ | | |
| ६ | रोजगार संयोजक | पाँचौं | विविध सेवा | | | x | १ | x | १ | | करार |
| ७ | प्लम्वर | चौंथो | इन्जिनियरिङ्ग | सिभिल | स्यानेटरी | १ | x | x | १ | | करार |
| ८ | इलेक्ट्रिसियन | चौंथो | इन्जिनियरिङ्ग | इलेक्ट्रिकल | | १ | १ | x | २ | | करार |
| ९ | उद्यम विकास सहजकर्ता | चौंथो | विविध सेवा | | | x | २ | x | २ | | करार |
| १० | स्विपर | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | | ३ | x | x | ३ | | करार |
| ११ | फायर म्यान | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | | ४ | x | १ | ३ | | करार |
| १२ | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | | ४४ | x | x | ४४ | | करार |
| १३ | हे.भी.सवारी चालक | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | | ७ | x | x | ७ | | करार |
| १४ | हलुका सवारी चालक | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | | ४ | x | x | ४ | | करार |

*संघीय दरवन्दी

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **(ग)** | **नगर प्रहरी** | | | | | | | | | | |
| **१** | सहायक निरीक्षक | चौंथो | प्रशासन | | | १ | x | x | १ | | करार |
| **२** | हवल्दार | तृतयि | प्रशासन | | | २ | x | x | २ | | |
| **३** | जवान | श्रेणी विहिन | प्रशासन | | | १८ | ० | x | १८ | | करार |
| **(घ)** | **लेखा समूह** | | | | | | | | | | |
| **१** | लेखा अधिकृत | साँतौं/आठौं | प्रशासन | लेखा | | १ | x | x | १ | | |
| **२** | वरिष्ठ लेखा सहायक | पाँचौं/छैठौं | प्रशासन | लेखा | | २ | x | x | २ | | |
| **(ङ)** | **अन्तरिक लेखा परिक्षण समूह** | पाँचौं | प्रशासन | आ.ले.प. | | १ | x | x | १ | | |
| **१** | वरिष्ठ आ.ले.प सहायक | पाँचौं | प्रशासन | आ.ले.प. | | १ | x | x | १ | | |
| **(च)** | **राजश्व समूह** | | | | | | | | | | |
| **१** | राजश्व अधिकृत | साँतौं/आठौं | प्रशासन | राजश्व | | x | १ | x | १ | | |
| **(आ)** | **प्राविधिक** | | | | | | | | | | |
| | **स्थानीय इन्जिनियरिङ्ग सेवा** | | | | | | | | | | |
| **१** | इन्जिनियर | साँतौं/आठौं | इन्जिनियरिङ्ग | सिभिल | जनरल | १ | x | x | १ | | |
| **२** | इन्जिनियर | साँतौं | इन्जिनियरिङ्ग | सिभिल | वि.एड.आ | १ | x | x | १ | | |
| **३** | सव-इन्जिनियर | पाँचौं | इन्जिनियरिङ्ग | सिभिल | जनरल | ६ | ७ | x | १३ | वडा तर्फ | |
| **४** | सव-इन्जिनियर | पाँचौं | इन्जिनियरिङ्ग | सिभिल | वि.एड.आ | १ | x | x | १ | | |
| **५** | अ सव-इन्जिनियर | चौथौं/पाँचौं | इन्जिनियरिङ्ग | सिभिल | जनरल | १ | x | x | १ | | |
| **६** | ल्याव टेक्निसियन | पाँचौं | इन्जिनियरिङ्ग | | | x | १ | x | १ | | |
| **७** | अमिन | चौथौं | इन्जिनियरिङ्ग | सर्वे | | १ | x | x | १ | | |
| **(इ)** | **स्थानीय कृषि सेवा** | | | | | | | | | | |
| **(क)** | **कृषि प्रसार समूह** | | | | | | | | | | |
| **१** | कृषि प्रसार अधिकृत | साँतौं/आठौं | कृषि | कृषि प्रसार | | x | १ | x | १ | | |
| **२** | प्राविधिक सहायक | पाँचौं | कृषि | कृषि संरक्षण | | १ | x | x | १ | | |
| **३** | प्राविधिक सहायक | पाँचौं | कृषि | वाली विकास तथा माटो विज्ञान | | १ | x | x | १ | | |
| **४** | खाद्य अनुसन्धान सहायक | पाँचौं | कृषि | खा.पो.गु.नि. | | x | १ | x | १ | | |
| **५** | नायव प्राविधिक सहायक | चौथों | कृषि | वाली विकास तथा माटो विज्ञान | | x | २ | x | २ | वडा तर्फ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| (ख) | **पशु चिकित्सक** | | | | | | | | | | |
| १ | पशु चिकित्सक | सातौं/आठौं | कृषि | पशु चिकित्सा | | १ | x | x | १ | | |
| २ | प्राविधिक सहायक | पाँचौं | कृषि | पशु चिकित्सा | | १ | x | x | १ | | |
| ३ | नायव प्राविधिक सहायक | चौथों | कृषि | पशु चिकित्सा | | x | २ | x | २ | वडा तर्फ | |
| ४ | प्राविधिक सहायक | पाँचौं | कृषि | ला.पो.डे.डे. | | x | १ | x | १ | | |
| (ई) | स्थानिय शिक्षा सेवा | | | | | | | | | | |
| (क) | **जनरल एजुकेशन समूह** | | | | | | | | | | |
| १ | उप निर्देशक | नवौं/दशौं | शिक्षा | जनरल एजुकेशन | | १ | x | x | १ | | |
| २ | विद्यालय निरीक्षक | सातौं/आठौं | शिक्षा | जनरल एजुकेशन | | १ | x | x | १ | | |
| ३ | प्राविधिक सहायक | पाँचौं | शिक्षा | जनरल एजुकेशन | | १ | x | x | १ | | |
| (उ) | **स्थानीय स्वास्थ्य सेवा** | | | | | | | | | | |
| (क) | **हेल्थ इन्फेक्सन समूह** | | | | | | | | | | |
| १ | जनस्वास्थ्य अधिकृत | सातौं/आठौं | स्वास्थ्य | हेल्थ इन्फेक्सन | | १ | x | x | १ | | |
| २ | जनस्वास्थ्य निरिक्षक | छैठौं/सातौं | स्वास्थ्य | हेल्थ इन्फेक्सन | | १ | ६ | x | ७ | | |
| ३ | हे.ई.सि./अ.हे.व. | पाँचौं/छैठौं | स्वास्थ्य | हेल्थ इन्फेक्सन | | ७ | x | १ | ६ | | |
| ४ | क्षयरोग संयोजक | पाँचौं | स्वास्थ्य | हेल्थ इन्फेक्सन | | x | १ | x | १ | | करार |
| ५ | अ.हे.व. | चौथों | स्वास्थ्य | हेल्थ इन्फेक्सन | | १८ | १ | x | १९ | | |
| ६ | सि.अ.न.मि. | पाँचौं/छैठौं | स्वास्थ्य | हेल्थ इन्फेक्सन | | ६ | x | x | ६ | | |
| ७ | प.हे.न. | पाँचौं/छैठौं | स्वास्थ्य | कम्युनिटी प.हे.नर्सिङ | | १ | x | x | १ | | |
| ८ | अ.न.मि. | चौथों | स्वास्थ्य | कम्युनिटी नर्सिङ | | १२ | ७ | x | १९ | | |
| ९ | ल्याव असिष्टेण्ट | चौथो | स्वास्थ्य | मे.ल्याव टे. | | x | ६ | x | ६ | | |
| (ऊ) | **स्थानिय विविध सेवा** | | | | | | | | | | |
| (क) | **विविध समुह** | | | | | | | | | | |
| १ | म.वि.नि. | पाँचौं/छैठौं | विविध सेवा | | | २ | x | x | २ | | |
| २ | सूचना प्रविधि अधिकृत | छैठौं | विविध सेवा | | | x | १ | x | १ | | करार |
| ३ | वातावरण निरीक्षक | पाँचौं | विविध सेवा | | | x | १ | x | १ | | करार |
| ४ | एम.आइ.एस.अपरेटर | पाँचौं | विविध सेवा | | | x | १ | x | १ | | करार |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | कम्प्युटर अपरेटर | पाँचौं | विविध सेवा | | | १ | x | x | १ | | करार |
| ६ | सहायक कम्प्युटर अपरेटर | चौथो | विविध सेवा | | | २ | ६ | x | ८ | | करार |
| ७ | सहायक कम्प्युटर अपरेटर | चौथो | विविध सेवा | | | x | १३ | x | १३ | वडा तर्फ | करार |
| ८ | सामाजिक परिचालक | चौथो | विविध सेवा | | | x | ८ | x | ८ | | करार |
| ९ | फिल्ड सहायक | चौथों | विविध सेवा | | | x | १ | x | १ | | करार |
| १० | मनोसामाजिक परामर्शकर्ता | चौथो | विविध सेवा | | | x | १ | x | १ | | करार |
| | **घट** | | | | | | | | | | |
| (क) | सि.डी.ई | नवौं/दशौं | इन्जिनियरिङ्ग | सिभिल | | १ | x | १ | ० | | |
| (ख) | सव-इन्जिनियर | पाँचौं | इन्जिनियरिङ्ग | जनरल | | २ | x | २ | ० | | |
| (ग) | अ सव-इन्जिनियर | चौथौं/पाँचौं | इन्जिनियरिङ्ग | सिभिल | जनरल | ८ | x | ८ | ० | | |
| (घ) | सहायक | चौथो | प्रशासन | सामान्य प्रशासन | | ९ | x | ९ | ० | वडा तर्फ | |
| (ङ) | नायव प्राविधिक सहायक | चौथों | कृषि | वाली विकास तथा माटो विज्ञान | | १ | x | १ | ० | | |
| (च) | म.वि.नि. | चौथो | विविध सेवा | विविध | | १ | x | १ | ० | | |
| (छ) | लेखा सहायक | चौथो | प्रशासन | लेखा | | १ | x | १ | ० | | |
| | | | | | **जम्मा** | १९८ | ८५ | २९ | २५४ | | |

**अनुसुची-३**

# ५.१ शाखा तथा इकाइहरुको कार्यविवरण

## ५.१.१ प्रशासन शाखा

- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन।
- संविधानको धारा ३०२ बमोजिम समायोजन भई आउने नगरपालिकामा खटिएका कर्मचारीहरूको व्यवस्थापन।
- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य।

- नगरपालिकाको पालिकाको संगठन विकास, सङ्गठन संरचना तथा दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन र वृत्ति विकास सम्बन्धी कार्य।
- स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन
- मानव संसाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा।
- नगरपालिकामा सार्वजनिक विदा, चाडपर्व, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन।
- स्थानीय शान्ति समिति सम्बन्धी कार्यहरु।
- संघ तथा प्रदेश तहमा संविधान तथा कानुन बमोजिमको सहभागिता तथा प्रतिनिधित्व।
- जिल्ला समन्वय समितिसँगको समन्व।
- वडा तहसँगको सम्पर्क र समन्वय।
- पत्राचार, सभा, समारोह, शिष्टाचार।
- कार्यपालिका तथा सभाको बैठक व्यवस्थापन।
- कार्यपालिकाको निर्णयहरुको विद्युतिय माध्यमबाट अभिलेखीकरण तथा प्रकाशन।
- कार्यपालिकाका विभिन्न समिति, उपसमिति, कार्यदलको बैठक व्यवस्थापन।
- उपाधी तथा विभुषण सम्वन्धी सिफारिश, अभिलेख ।

**दर्ता चलानी तथा सोधपुछ इकाई**

- कार्यालयमा जनसम्पर्क, सोधपुछ वा सहायता कक्षको प्रभावकारी संचालन गर्ने,
- प्रमुख प्रशासकीय अधिकृत वा प्रशासन शाखा प्रमुखको आदेशमा उजुरी पेटीकाको मुचुल्का उठाइ खोल्ने र प्राप्त उजुरी समयमै प्रमुख प्रशासकीय अधिकृत वा प्रशासन शाखा प्रमुख समक्ष पेश गर्ने,
- कार्यालयमा प्राप्त हुने पत्रहरुको दर्ता किताबमा दर्ता गरी सम्बन्धित शाखा तथा शाखाहरुमा पुर्याउने व्यवस्था गर्ने,
- अत्यन्त जरुरी वा अति गोप्य वा गोप्य पत्रहरु प्राप्त हुनासाथ प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने,
- अन्य कार्यालय वा निकायहरुमा पठाउनुपर्ने पत्रहरुको चलानी गरी हुलाक वा अन्य माध्यम मार्फत पठाउने व्यवस्था मिलाउने,
- कार्यालयको छापहरुको दुरुपयोग हुन नपाउने गरी सुरक्षित साथ राख्ने व्यवस्था मिलाउने,

- शाखामा दर्ता गर्न ल्याइएका नगरपालिका क्षेत्रभित्रका आपसी झगडा सम्बन्धी विभिन्न उजुरी निवेदनहरु लगायतका लिखतहरु प्रमुख प्रशासकीय अधिकृत वा प्रशासन शाखा प्रमुखको आदेशमा हेरी जाँची रित पुगेको भए दर्ता गर्ने र नमिल्ने भए कारण जनाई प्रमुख प्रशासकीय अधिकृत वा प्रशासन शाखा प्रमुखलाई जानकारी गराउने,
- प्रमुख प्रशासकीय अधिकृत वा प्रशासन शाखा प्रमुखको आदेशमा मुद्धा मामिला सम्बन्धी कारवाही शुरु गर्न बुझ्नु पर्ने प्रमाण वा व्यक्तिलाई आदेश जारी गर्न म्याद जारी गरी तामेल गर्ने गराउने,

## ५.१.२ **खरिद तथा भण्डारण इकाई**

- नगरपालिकाको वार्षिक खरिद गुरुयोजना निर्माण एवं स्वीकृतिका लागि पेस र सोको कार्यान्वयन
- नगरपालिकाका स्थायी सम्पत्तिको अभिलेख राख्ने सम्बन्धी कार्य,
- नगरपालिकाको भवन, मेशिनरी लगायत सबै साधनको मर्मत, सञ्चार, लिलाम, मिनाहा र कार्यालय सरसफाइ सम्बन्धी कार्य,
- नगरपालिकाका सवारीसाधनका लागि इन्धन व्यवस्थापन सम्बन्धी कार्य,
- नगरपालिका र अन्तर्गतका सामाग्रीहरूको खरिद, भण्डारण र व्यवस्थापन सम्बन्धी कार्य।
- नगरपालिकाको खरिद इकाई सम्बन्धी कार्य।
- नगरपालिका रहेको सवारी साधनहरूको इजाजत नवीकरण सम्बन्धी कार्य,
- जिन्सी सम्बन्धी **software/application** हरू सञ्चालनमा ल्याउने कार्य
- अन्य निकायहरूबाट प्राप्त सहायता वा प्राविधिक सहयोगबाट प्राप्त सामानहरूको व्यवस्थापन सम्बन्धी कार्य,
- सवारी साधनहरूको व्यवस्था सम्बन्धी कार्य,
- नगरपालिका र वडा कार्यालयहरूको जिन्सी निरीक्षण, प्रतिवेदन तयार तथा नियमानुसार कागज धुल्याइने कार्य,
- वैदेशिक तालिम, अध्ययन, भ्रमण, बैठकमा मनोनयन भएका कर्मचारी र पदाधिकारीहरूको पासपोर्ट भिसा सम्बन्धी कार्य,
- कर्मचारीको सम्पत्ति विवरण सम्बन्धी कार्य,

- नगरवासीले विभिन्न निकायमा पेश गर्न प्रमाणिकरणका लागि प्रस्तुत गरेका कागजात प्रमाणित गर्ने।

## ५.१.३ राजश्व शाखा

- राजश्व सम्बन्धी नीति, कानुन तर्जुमा, कार्यान्वयन र नियमन (राजस्व चुहावट नियन्त्रण समेत) सम्पूर्ण कामको जिम्मेवार राजश्व शाखा प्रमुख हुनेछ।
- सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमि कर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, बहालविटौरी कर, घरजग्गा कर, मृत वा मारिएको जीवजन्तुको हाड, सिङ, प्वाँख, छालामा कर, प्राकृतिक स्रोत साधन, व्यावसायिक कर सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन, बाँडफाँड, सङ्कलन र नियमन, अन्य आय व्यवस्थापन
- सार्वजनिक खर्च तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानुन, मापदण्ड तथा नियमन र सोको सङ्कलन तथा बाँडफाँट सिफारिस
- आफ्नो क्षेत्रभित्र राजस्वका दर अन्य शुल्क निर्धारण, सङ्घीय र प्रदेश कानुन बमोजिम प्राकृतिक श्रोत साधन र सेवा शुल्क जस्ता रोयल्टी सङ्कलन, समन्वय र नियमन
- स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क तथा दस्तुर नीति, कानुन, मापदण्ड, नियमन, शुल्क निर्धारण, सङ्कलन तथा व्यवस्थापन) मालपोत सङ्कलन)
- कानुन बमोजिम ढुङ्गा, गिट्टी, बालुवा, माटो, नुन, स्लेट, फायरक्लेजस्ता खानी खनिज पदार्थको सर्वेक्षण, अन्वेषण, उत्खनन र सो सम्बन्धी रोयल्टी सङ्कल र नियमन
- ट्रेकिङ, कायाकिङ्ग, क्यानोनिङ्ग, बन्जी जम्पिङ्ग, जिप फ्लायर, ऱ्याफ्टिङ्ग शुल्क,
- सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी सङ्कलन,
- पानी घट्ट, कुलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन,
- प्राकृतिक स्रोतको उपयोग सम्बन्धी नीति निर्धारण र कार्यान्वयन तथा प्रदेश र सङ्घीय मापदण्ड पालना,
- प्रचलित कानून बमोजिम दण्ड जरिवाना,
- राजस्व सम्भाव्यता अध्ययन तथा विश्लेषणात्मक कार्य,
- बाँकी बक्यौता रकमको लगत र असुल उपर,

- करदाता शिक्षा तथा करदाता विवरण अद्यावधिक,
- वित्तीय स्रोत साधनको समतामूलक बाँडफाँट सम्बन्धी सिफारिस,
- आर्थिक साधनको महत्तम उपयोग तथा परिचालन,
- राजश्व परामर्श समिति सम्बन्धी विषय वा सचिवालय,
- स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन,
- राजश्वको सम्भाव्यता अध्ययन,
- राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान,
- सङ्घीय तथा प्रदेश कानुन बमोजिम बजेट घाटा पूर्तिको स्रोत व्यवस्था,
- कर तथा गैरकर राजस्व सङ्कलन तथा सोको पूर्ण रुपमा निमयन गर्ने।

### ५.१.४ **कानुन शाखा**

- न्यायिक समितिको सचिवालय, न्याय, कानून, मानव अधिकार प्रवर्द्धन तथा मेलमिलाप र मध्यस्थता, निर्णय तथा फैसला कार्यान्वयन
- न्यायिक समितिको सचिवालय सम्बन्धी कार्य
- न्याय तथा कानूनी राज्यको परिपालना
- मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन
- व्यक्ति र समुदायबिच मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
- न्यायिक निर्णय तथा फैसला कार्यान्वयन
- कार्यपालिका तथा सभामा पेस गर्नुपर्ने विभिन्न नीति, नियम तथा कानूनको मसौदामा संयोजन र समन्वय
- नीति, कानूनको प्रमाणिक प्रतिको संरक्षण, प्रकाशन र अभिलेख
- विधायन सम्बन्धी अन्य कार्य।

## ५.१.५ **योजना तथा अनुगमन शाखा**

- विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना र नियमन
- स्थानीय विकास नीति, अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन विकास योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन

- आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन
- वार्षिक विकास कार्यक्रम, आयोजना तर्जुमा, कार्यान्वयन
- विकास निर्माण प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धिका कार्यक्रम तर्जुमा र कार्यान्वयन
- विकास योजनाहरूको वातावरणीय प्रभाव मूल्याङ्कन
- उपभोक्ता समितिको विवरण, क्षमता विकास
- विकासका प्राथमिकता प्राप्त क्षेत्र निर्धारण
- सङ्घीय र प्रादेशिक आयोजना, परियोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग
- विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य ।
- विकास आयोजनाको अनुगमन, आवधिक प्रगति तथा प्रतिफलको समीक्षा
- विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको आधार तथा प्रक्रिया निर्धारण
- आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन
- बिषयक्षेत्रगत नीतिको अनुगमन तथा मूल्याङ्कन

## ५.१.६ **सूचना तथा प्रविधि शाखा**

- सङ्घीय मन्त्रालय, प्रदेश मन्त्रालय तथा राष्ट्रिय सूचना आयोगको सम्पर्क बिन्दु सम्बन्धी कार्य,
- सूचनाको अधिकारको व्यवस्थापन गर्ने कार्य,
- नगरपालिकासँग सम्बन्धित **software** को गुणस्तर सम्बन्धी कार्यहरू,
- नगरपालिकाको वेब साइट अद्यावधिक गर्ने कार्य,
- नगरपालिकाको **GIS** सम्बन्धी कार्यहरू,
- नगरपालिकामा निर्माण गर्ने विभिन्न **Database** तथा **Software** सम्बन्धी कार्य,
- नगरपालिकाको कार्यक्षेत्रसँग सम्बन्धित सूचना तथा तथ्याङ्क सङ्कलन, प्रशोधन तथा विश्लेषणसम्बन्धी कार्य,
- नतिजामूलक अनुगमन तथा मूल्याङ्कन (**Result-based Monitoring and Evaluation )** सम्बन्धी कार्यहरू,

- नगरपालिकाबाट भए गरेका कार्यका बारेमा मिडियाबाट प्रकाशित सूचनाको व्यवस्थापन सम्बन्धी कार्य,
- सूचना प्रविधि सम्बन्धी कार्यहरू,
- तथ्याङ्क विश्लेषण सम्बन्धी कार्यहरू,
- व्यवस्थापन सूचना प्रणाली सम्बन्धी कार्यहरू,
- नगरपालिकासँग सम्बन्धित परियोजना बैङ्क निर्माण सम्बन्धी कार्य,
- नगरपालिका र मातहत निकायहरूको योजना, कार्यक्रम तथा बजेट निर्माण र अनुगमन तथा मूल्याङ्कनको लागि आवश्यक तथ्याङ्क एवं सूचना सङ्कलन तथा प्रशोधन गर्ने,
- नगरपालिका र मातहत निकायमा रहेका सूचना तथा तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन एवं भण्डारण गर्ने,
- अन्तर नगरपालिका सूचना तथा तथ्याङ्क आदान प्रदान र समन्वयको कार्य गर्ने,
- नगरपालिकासँग सम्बन्धित नीतिगत तथा आवश्यक अन्य छलफलका लागि समय समयमा अनुरोध भई आए बमोजिम सूचना तथा तथ्याङ्क विश्लेषण सम्बन्धी कार्य गर्ने ।

## ५.१.७ पूर्वाधार विकास शाखा

## ५.१.७.१शहरी पूर्वाधार शाखा

सडक, सिँचाइ तथा अन्य पूर्वाधार विकास सम्बन्धी

- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक तथा यातायात सम्बन्धी नीति, कानुन, मापदण्ड तथा नियमन
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुलेसा र तटबन्ध सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन र स्तरोन्नतिका आयोजनाको पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत, सम्भार
- यातायात सुरक्षा व्यवस्थापन र नियमन
- स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन
- ट्याक्सी सेवा अनुमति, व्यवस्थापन र नियमन

- ट्रली बस, ट्रामजस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति, योजना, मापदण्ड, कार्यान्वयन, नियमन
- वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, अपाङ्गता र लैङ्गिगमैत्री यातायात प्रणालीको प्रवर्द्धन
- आधारभूत यातायात सम्बन्धमा प्रदेश सरकारसँग समन्वय
- यातायात क्षेत्रमा लगानी अभिवृद्धि
- यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच
- यातायात क्षेत्रमा वातावरणमैत्री प्रविधिलाई प्रोत्साहन
- निजी यातायात नियमन व्यवस्थापन
- साना जलविद्युत आयोजना, नवीकरणीय ऊर्जा तथा वैकल्पिक ऊर्जा सम्बन्धी सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि/प्रवर्द्धन,
- विद्युत् वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन
- जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहु उपयोगी विकास कार्यक्रमको तर्जुमा र कार्यान्वयन
- स्थानीय विद्युत् वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन
- सडक बत्तीको व्यवस्थापन
- सिँचाई सम्बन्धी नीति, कानुन, मापदण्ड निर्धारण र नियमन
- सिँचाई सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन र स्तरोन्नतिका आयोजनाको पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत, सम्भार र नियमन,
- स्थानीय साना, सतह तथा भूमिगत सिचाई प्रणालीको सञ्चालन निर्माण, सुधार, मर्मत सम्भार तथा सेवा शुल्कको निर्धारण र सङ्कलन व्यवस्थापन
- जल उत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी स्थानीय
- तटबन्ध, नदी नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन
- साना जल उपयोग सम्बन्धी आयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन ।

### ५.१.७.२ **भवन तथा वस्ती विकास शाखा**

- सहरीकरण, बस्ती विकास सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन
- आधारभूत आवासका योजना तर्जुमा र कार्यान्वयन
- नगरपालिकामा अव्यवस्थित बसोबास व्यवस्थापन कार्यक्रमको तर्जुमा र कार्यान्वयन
- आधारभूत बसोबास सम्बन्धमा प्रदेश सरकारसँग समन्वय
- योजनाबद्ध र व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा कार्यान्वयन
- एकीकृत बस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन
- आफ्नो क्षेत्रको भू उपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन
- व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन
- सङ्घीय र प्रदेश कानून बमोजिम स्थानीय तहमा सुकुम्वासी पहिचान र अभिलेख व्यवस्था
- स्थानीय स्तरमा सुकुम्वासी सम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्था
- एकीकृत बस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन।
- भूमिको वर्गीकरण अनुसारको लगत
- जग्गाको कित्ताकाट र भूमि लगत (नक्सा, स्रेस्ता) निर्माण र संरक्षण
- सरकारी प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण
- जग्गा विवाद समाधानमा मेलमिलाप र मध्यस्थता
- स्मारक र पुरातात्त्विक महत्त्व लगायत वन, सिमसार क्षेत्र, तट वर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत
- भवन सम्बन्धी नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,
- राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति र नियमन
- भवन निर्माणको नक्सा स्वीकृति, संशोधन र नियमनको सम्पूर्ण कार्य गर्ने
- पुरातत्त्व, प्राचीन स्मारक र संग्राहालय संरक्षण, संवर्द्धन र पुनः निर्माण,

- सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह तथा अन्य सार्वजनिक भवन तथा संरचना निर्माण र मर्मत सम्भार,

## ५.१.७.३ वातावरण तथा सरसफाई शाखा

- विपद् व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड तथा स्थानीय स्तरका आयोजनाको कार्यान्वयन र नियमन
- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनिकरण कार्य योजना
- विपद् पूर्व तयारी, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय
- विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण
- विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था, निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य
- विपद् कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन
- विपद् पश्चात् स्थानीय स्तरको पुनर्स्थापना र पुनर्निर्माण
- विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान
- प्राकृतिक प्रकोपको रोकथाम र पूर्व तयारी
- विपद् जोखिम न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयन,
- वारुण यन्त्र तथा एम्बुलेन्सको सञ्चालन तथा व्यवस्थापन
- स्थानीय आपतलीन कार्य सञ्चालन प्रणाली
- फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन
- ल्याण्डफिल साइट व्यवस्थापन
- सरसफाइ तथा स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन
- सार्वजनिक शौचालय व्यवस्थापन।

**वातावरण, पर्यावरण एवं जलाधार क्षेत्र संरक्षण सम्बन्धी कार्य**

- स्वच्छ तथा स्वस्थ वातावरण र जलाधार तथा वन्यजन्तुको संरक्षण व्यवस्थापन सम्बन्धी नीति, कानुन, कार्यक्रम तर्जुमा, कार्यान्वयन र नियमन
- वृक्षारोपण, हरियाली तथा हरित क्षेत्रको प्रवर्द्धन

- वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण
- हानिकारक पदार्थहरूको नियमन तथा नियन्त्रण
- वातावरणीय जोखिम न्यूनीकरण
- न्यून कार्बनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन
- वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन
- पहिरो नियन्त्रण
- जलवायु परिवर्तन अनुकूलन कार्यक्रम

## ५.१.८ सामाजिक सुरक्षा तथा पंजिकरण शाखा

- सामाजिक सुरक्षा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान
- सङ्घ तथा प्रदेशले निर्धारण गरेको मापदण्ड बमोजिम सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयन
- सामाजिक सुरक्षाको कार्यान्वयनको लागि सङ्घ, प्रदेश र स्थानीय सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य
- स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन तथा आवश्यक तथ्याङ्क सङ्कलन एवं व्यवस्थापन
- आधुनिक प्रविधिमार्फत व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र धर्मपुत्री), अभिलेख व्यवस्थापन तथा प्रतिवेदन

## ५.१.९ महिला, बालबालिका तथा समाज कल्याण शाखा

**लैङ्गिक समानता**

- महिला हक सम्बन्धी नीति, योजना कार्यान्वयन, समन्वय र नियमन
- महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तीकरण, क्षमता विकास
- लैङ्गिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक, संरक्षणात्मक उपाय र पुनः स्थापना
- लैङ्गिक उत्तरदायी बजेट

**बालबालिका, किशोर किशोरी तथा युवा तथा खेलकुद विकास**

- बालबालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- बालबालिकाको हकहित संरक्षण
- बालमैत्री शासकीय प्रबन्ध, बाल क्लब, बाल संरक्षण समिति तथा बाल सञ्जाल
- बालबालिकाको हकहित संरक्षण सम्बन्धमा सङ्घ, प्रदेश तथा अन्य निकायसँग सम्पर्क, समन्वय तथा सहकार्य,
- बालबालिका परिवार सहयोग
- वैकल्पिक स्याहार पद्धतिको कार्यान्वयन
- बाल न्याय
- बाल गृह, पुनर्स्थापना केन्द्र, शिशु स्याहार केन्द्र र बाल विकास केन्द्र व्यवस्थापन
- असहाय बालबालिकाका, सडक बालबालिका व्यवस्थापन
- बाल हिंसा नियन्त्रण
- बाल सुधार तथा पुनर्स्थापना केन्द्र स्थापना, सञ्चालन अनुमति र नियमन
- आपत्कालीन बाल उद्धार कोष स्थापना र व्यवस्थापन

**अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिक**

- ज्येष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधा, सामाजिक सुरक्षा सम्बन्धी कार्य
- ज्येष्ठ नागरिक क्लब, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन
- सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनः स्थापना केन्द्र तथा असक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन
- अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण
- अपाङ्गता भएका व्यक्तिमैत्री पूर्वाधार निर्माण तथा सञ्चालन
- अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन सम्बन्धी अन्य कार्य
- एकल महिला सम्बन्धी कार्य

**गैरसरकारी संस्था परिचालन, समन्वय तथा नियमन**

- स्थानीयस्तरमा समाज कल्याण सम्बन्धी सङ्घसंस्था (गैरसरकारी, सामाजिक तथा सामुदायिक सङ्घसंस्था) को दर्ता, नवीकरण तथा नियमन
- गुठी, कोष तथा अन्य ट्रस्टहरूको व्यवस्थापन
- निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य
- समन्वय र परिचालन
- सामाजिक सङ्घसंस्था सम्बन्धी अन्य विषय।

## ५.१.१० सहकारी उपशाखा

- सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन
- स्थानीय सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन
- सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन
- सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय सङ्घ संस्थासँग समन्वय र सहकार्य
- सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान
- स्थानीय सहकारीको क्षमता अभिवृद्धि
- स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, विकास र परिचालन।

## ५.१.११ जन स्वास्थ्य शाखा

- आधारभूत स्वास्थ्य र सरसफाइ सम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन तथा नियमन।
- राष्ट्रिय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण।
- राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरूप जनरल अस्पताल, नर्सिङ होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन।
- आधारभूत स्वास्थ्य सेवाको सञ्चालन र प्रवर्द्धन।
- अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन।
- स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन।

- सरसफाइ सचेतनाको अभिवृद्धि।
- रक्त सञ्चार सेवा तथा स्थानीय र सहरी स्वास्थ्य सेवा।
- औषधि पसल सञ्चालन र नियमन।
- औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण
- स्वास्थ्य बिमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन।
- औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन
- औषधिको उचित प्रयोग र सूक्ष्म जीव निरोधक प्रतिरोध न्यूनीकरण
- औषधि र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण
- स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन
- जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स)
- प्रवर्द्धनात्मक, प्रतिकारात्मक,उपचारात्मक, पुर्नस्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन
- स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन
- जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन
- सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि
- आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन
- जनस्वास्थ्य, आपत्कालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन
- सरुवा तथा नसर्ने रोगको नियन्त्रण तथा रोकथाम
- आकस्मिक स्वास्थ्य सेवा प्रवाह
- स्थानीय खानेपानी सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन
- सार्वजनिक स्थलमा पिउने पानी व्यवस्थापन
- पानी मुहानको संरक्षण
- स्वच्छ खानेपानी आपूर्ति सम्बन्धी अन्य विषय।

### ५.१.१२ शिक्षा शाखा

- प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा (गुरुकुल, मदरसा, गुम्बा आदि), निरन्तर सिकाइ तथा विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन, नियमन
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति र नियमन
- पाठ्यक्रम र पाठ्यसामग्रीको वितरण तथा कार्यान्वयन
- विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन
- विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन
- शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार
- आधारभूत तह (कक्षा ८) को परीक्षा व्यवस्थापन
- विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन
- विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन
- शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन
- स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन
- पुस्तकालय एवं पत्रपत्रिका
- स्थानीय पुस्तकालय, वाचनालय तथा सामुदायिक अध्ययन केन्द्र सञ्चालन तथा व्यवस्थापन
- नेपाल सरकारबाट शिक्षा तर्फ प्राप्त सशर्त अनुदानको सम्पूर्ण बजेट तथा कार्यक्रम सञ्चालन
- स्थानीयस्तरमा खेलकुद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय
- खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास
- खेलकुदको विकास र प्रवर्द्धन
- खेलकुद प्रतियोगिता आयोजना र सहभागिता
- अतिरिक्त क्रियाकलाप सम्बन्धी विषय
- युवा जागरण, सशक्तीकरण र परिचालन
- युवा सीप, उद्यमशीलता तथा नेतृत्व विकास

- खेलकुद विकास समिति गठन व्यवस्थापन तथा परिचालन।

## ५.१.१३ कृषि विकास शाखा

- कृषि, कृषि प्रसार, कृषि उत्पादन व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- कृषि बजार सूचना, कृषि बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन
- कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण
- कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन
- कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन
- उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण
- कृषिसम्बन्धी बिमा र कर्जा सहजीकरण
- शीत भण्डारणको व्यवस्थापन
- कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण
- कृषि बीउ विजन, नस्ल, मल खाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन
- कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन
- कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण
- कृषि तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली तथा कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार
- कृषि स्रोत केन्द्रको स्थापना र व्यवस्थापन

## ५.१.१४ पशुपन्छी सेवा केन्द्र

- पशुपालन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- पशुपन्छी बजार सूचना, हाटबजारको पूर्वाधार निर्माण, तालिम, प्राविधिक टेवा, कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन र नियमन
- पशुपन्छीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण

- पशुपन्छी चिकित्सा सेवाको व्यवस्थापन,
- पशुनश्ल सुधार पद्धति विकास र व्यवस्थापन
- पशुपन्छी सम्बन्धी बिमा र कर्जा सहजीकरण
- स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन
- पशु आहारको गुणस्तर नियमन
- स्थानीयस्तरमा पशुपन्छी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली
- पशु वधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन
- पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य।

## ५.१.१५ आर्थिक प्रशासन शाखा

- आर्थिक (कार्यविधि) नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन, आर्थिक प्रशासन र व्यवस्थापन
- बजेट सीमा निर्धारण, बजेट तर्जुमा, कार्यान्वयन र नियमन
- सञ्चित कोष तथा आकस्मिक कोषको व्यवस्थापन
- लगानी र लाभांशको व्यवस्थापन
- लेखा व्यवस्थापन, खर्च, राजश्व, धरौटी, कार्य सञ्चालन कोष तथा अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण
- समष्टिगत आर्थिक अवस्थाको विश्लेषण
- ऋण तथा अनुदानको व्यवस्थापन र नियमन
- लगानी प्रक्षेपण (सहकारी, सहकारी तथा निजी) र वित्तीय व्यवस्थापन
- कारोबारको लेखाङ्कन, नियन्त्रण तथा व्यवस्थापन
- राजश्व तथा व्ययको अनुमान
- आर्थिक प्रशासन र व्यवस्थापन सम्बन्धी अन्य विषय।

## ५.१.१६ आन्तरिक लेखा परीक्षण शाखा

- आन्तरिक तथा पूर्व लेखा परीक्षण
- लेखा परीक्षण विवरण (बेरुजूको लगत समेत)को अभिलेख व्यवस्थापन

- अन्तिम लेखा परीक्षण कार्यमा सहयोग, समन्वय र सहजीकरण
- लेखापालनसम्बन्धी क्षमता विकास कार्य
- बेरुजू फछ्र्यौटका लागि सहजीकरण

## ५.१.१७ आर्थिक विकास शाखा

- स्थानीय व्यापार, वाणिज्य, वस्तुको माग, आपूर्ति व्यवस्थापन तथा अनुगमन
- बजार तथा हाट बजार व्यवस्थापन
- उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन
- स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन
- स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,
- स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,
- उपभोक्ता सचेतना, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,
- खाद्य पदार्थको गुणस्तर नियन्त्रण,
- खानेपानीको गुणस्तर नियन्त्रण,
- स्थानीय व्यापार प्रवर्द्धन सहजीकरण र नियमन,
- स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन ।

**उद्योग र खानी तथा खनिज पदार्थ संरक्षण सम्बन्धी**

**उद्योग सम्बन्धी कार्य**

- लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन
- लघु, घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धन
- व्यापारिक फर्म, पसलको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन

**खानी तथा खनिज सम्बन्धी**

- खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमनको सम्पूर्ण अधिकारको उपयोग गर्ने।

- ढुङ्गा, गिटी, बालुवा, माटो, नुन, स्लेट, खरी ढुङ्गा, फायरक्लेजस्ता खानीजन्य वस्तु सर्वेक्षण, अन्वेषण, उत्खनन र नियमन गर्ने।
- ढुङ्गा, गिट्टी, बालुवा, माटो, खरी ढुङ्गा, फायर क्ले,स्लेट तथा नुन, आदि खानीजन्य वस्तुको संरक्षण, विकास, उत्खनन र उपयोग सम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन र नियमन
- खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन, अभिलेखन तथा व्यवस्थापन
- भौगर्भिक नक्सा प्रकाशन।

**वन, वन्यजन्तु, भू-संरक्षण सम्बन्धी**

- वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- सामुदायिक, ग्रामीण तथा सहरी, धार्मिक, कवुलियती वनको संरक्षण, संवर्द्धन, उपयोग र नियमन
- वन उपभोक्ता समूहको व्यवस्थापन
- मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियत वनको व्यवस्थापन
- नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन
- निजी तथा व्यावसायिक वनको प्रवर्द्धन र नियमन
- सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन
- जडीबुटी तथा अन्य गैर काष्ठ वन पैदावार सम्बन्धी, सर्वेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन
- वन बीउ बगैँचा स्थापना, व्यवस्थापन र प्रवर्द्धन
- नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन
- वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यावसायिक पालन, उपयोग र अनुगमन
- वन्यजन्तुबाट स्थानीय समुदायमा पर्ने प्रभाव रोकथाम, व्यवस्थापन
- स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र सञ्चालन
- स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन
- स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन
- वन, वन्यजन्तु तथा चराचुरुङ्गीको अभिरेखाङ्कन र अध्ययन अनुसन्धान

- रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन
- मिचाहा प्रजातिको नियन्त्रण
- जैविक विविधताको अभिलेख
- सामुदायिक भूसंरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम
- भूसंरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन
- जलवायु परिवर्तन अनुकूलन कार्य
- आय आर्जनमा आधारित जडीबुटीको संरक्षण, प्रवर्द्धन, व्यवस्थापन

## ५.१.१८ पर्यटन तथा सम्पदा उपशाखा

**संस्कृति, सम्पदा, ललितकला तथा पर्यटन प्रवर्द्धन**

- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीय स्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- पुरातत्त्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास
- परम्परागत रूपमा चलिआएका जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन
- स्थानीय महत्वका धार्मिक तथा सांस्कृतिक सम्पदाको व्यवस्थापन
- पर्यटकीय महत्वका स्थल तथा सम्पदाको पहिचान, संरक्षण र प्रवर्द्धन
- पर्यटन पूर्वाधार विकास तथा प्रोत्साहन
- पुरातात्त्विक, धार्मिक महत्वका सम्पदाहरूको संरक्षण तथा संवर्द्धन
- भाषा, संस्कृति, जात्रा, पर्व र ललितकलाको संरक्षण, प्रवर्द्धन र विकास ।

## ५.१.१९ वडा कार्यालयहरूको कार्य विवरण

### ५.१.१९.१ वडा स्तरीय तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्नेः

- कानुन अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने।
- आफ्नो वडा भित्रको बस्तुगत विवरण (नदीनाला, जैविक विविधता, खनिज पदार्थ, जनसङ्ख्याको बनोट, आर्थिक अवस्था, उद्योगधन्दा, शिक्षा तथा स्वास्थ्य सम्बन्धी विवरण आदि) तयार गर्ने, अद्यावधिक गर्दै लैजाने,
- निजी घर तथा घरपरिवारको लगत राख्ने,
- ऐतिहासिक, पुरातात्त्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने,
- खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, मठ, मन्दिर, गुम्बा, मस्जिद, देवस्थल, मदरसा, पर्ती जग्गा, डाँडा पाखा, चरन क्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुङ्गे धारा, गुठी घर, बाटो, सडक, पुल पुलेसा, कुलो नहर, पानी घट्ट, मिलको तथ्याङ्क सङ्कलन गरी अद्यावधिक लगत राख्ने, संरक्षण गर्ने र खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पार्श्व चित्र तयार तथा अद्यावधिक गर्ने।

- वडाका विकास निर्माणका योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा आवधिक प्रगति समीक्षा गर्ने।
- सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोल स्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोल स्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने।
- टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र सञ्चालन हुने योजनाहरूका लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने।
- वडाभित्रका योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने।

## ५.१.१९.२ वडाका विकास निर्माणका कार्यहरू गर्नेः

- बाल उद्यानको व्यवस्था गर्ने।
- अनौपचारिक शिक्षा कार्यक्रम तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने।
- पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र, बालक्लव तथा बाल सञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने।
- वडा तहको स्वास्थ्य केन्द्र तथा उप केन्द्रको व्यवस्थापन गर्ने।
- बालबालिकाहरूलाई बि.सी.जी., पोलियो, भिटामिन ए को व्यवस्था गर्ने।
- पोषण कार्यक्रमको सञ्चालन गर्ने।
- वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने।
- सहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको सञ्चालन गर्ने, गराउने।
- सार्वजनिक शौचालय तथा स्नान गृहको निर्माण र व्यवस्थापन गर्ने, गराउने।
- वडा स्तरीय सामुदायिक धाराको प्रबन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने।
- घरबाट निकास हुने फोहर मैलाको सङ्कलन र व्यवस्थापन, चोक तथा गल्लीहरूको सरसफाइ, ढल निकास, मरेका जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने, गराउने।

- कृषि तथा फलफूल नर्सरीको स्थापना, समन्वय, प्रवर्द्धन र वडा स्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्ने।
- कृषि मलको माग सङ्कलन गर्ने।
- कृषिमा लाग्ने रोगहरूको विवरण तयार गर्ने।
- पशुपन्छी विकास तथा छाडा चौपायाको व्यवस्थापन।
- वडाभित्रको चरन क्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने।
- स्थानीय समुदायका चाडपर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने गराउने।
- स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरिवाजलाई संरक्षण तथा प्रवर्द्धन गर्ने।
- वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने।
- अन्तर विद्यालय तथा वालक्लव मार्फत खेलकुद कार्यक्रमको सञ्चालन गर्ने गराउने।
- वडा क्षेत्रभित्रको बाटोघाटो चालू अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने,
- वडाभित्रका सडक अधिकार क्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने,
- बाटोघाटोको बाढी, पहिरो पन्छाउने,
- घरेलु उद्योगको लगत सङ्कलन तथा सम्भाव्यता पहिचान गर्ने,
- वडाभित्र घरेलु उद्योगको प्रवर्द्धन गर्ने,
- प्रचलित कानुन बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक र सोको अभिलेख संरक्षण गर्ने,
- व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने,
- सामाजिक सुरक्षा भत्ता वितरण तथा अभिलेख अद्यावधिक गर्ने,
- वडालाई बालमैत्री बनाउने,
- वडाभित्र आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने,
- विभिन्न समुदायका बिच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने,

- बालविवाह, महिला विरुद्धको हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन, निरक्षरता जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने,
- प्रचलित कानुनको अधीनमा रही मालपोत तथा भूमि कर, व्यवसाय कर, बहाल कर, विज्ञापन कर, सशुल्क पार्किङ, नयाँ व्यवसाय दर्ता, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र सङ्कलन गरी नगरपालिकामा प्रतिवेदन सहित रकम बुझाउने,
- असक्त बिरामी भएको बेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुऱ्याई औषधोपचार गराउने,
- असहाय वा बेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने,
- सडक बालबालिकाको उद्धार र पुनर्स्थापना गर्ने, गराउने,
- वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने,
- वडा, टोल, बस्ती स्तरमा हरियाली क्षेत्र बिस्तार गर्ने गराउने,
- वडालाई वातावरणमैत्री बनाउने,
- प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाइ, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरू गर्ने, गराउने,
- कानुन बमोजिमका नियमन कार्य गर्ने,
- वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको नियमन गर्ने,
- घर निर्माण गुणस्तर तथा भवन संहिता र मापदण्ड अनुसार भए नभएको अनुगमन गर्ने, सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम दिने,
- खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्य सूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने,
- वडाभित्रका उद्योग धन्दा र व्यवसायको प्रवर्द्धन गरी लगत राख्ने,
- हाट बजारको व्यवस्थापन गर्ने, गराउने,
- विद्युत् चुहावट तथा चोरी नियन्त्रण गर्ने,
- नाता, नागरिकता आदिको सिफारिस तथा प्रमाणित गर्ने,

- आफ्नो भौगोलिक क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला, भाडा, तथा महसुलको स्थानीय दररेट तोक्ने,
- आफ्नो वडाभित्रका उपभोक्ता समिति, सहकारी संस्था, निजी क्षेत्र लगायतका सबै विकास साझेदारहरूसँग विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा समन्वय गर्ने,
- समय समयमा नेपाल कानुनले तोकेबमोजिम अन्य काम गर्ने,
- अभिलेख व्यवस्थापन, सिफारिस तथा प्रमाणित गर्ने
- पञ्जिकरण, नागरिकता तथा अभिलेख व्यवस्थापन,
- नगरपालिकामा व्यक्तिगत घटनाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- सङ्घीय कानुन र मापदण्ड बमोजिम नगरपालिकामा व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाइ सराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री) को दर्ता,
- धुनिक प्रविधि अपनाई व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन,
- नेपाली नागरिकताको प्रमाणपत्रका लागि सिफारिस लगायतका महत्त्वपूर्ण अभिलेखको व्यवस्थापन,
- स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- स्थानीय स्तरको अभिलेख व्यवस्थापन,
- नाता प्रमाणित गर्ने,
- नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने,
- बहाल करको लेखाजोखा सिफारिस गर्ने,
- कोठा खोल्न रोहबरमा बस्ने,
- मोही लगत कट्टाको सिफारिस गर्ने,
- घरजग्गा करको लेखाजोखा सिफारिस गर्ने,
- जन्म मिति प्रमाणित गर्ने,
- व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिस गर्ने,
- मिलापत्रको कागज गराउने निवेदन दर्ता गर्न सिफारिस गर्ने,

- विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने,
- निःशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने,
- अङ्ग्रेजी माध्यममा सिफारिस तथा प्रमाणित गर्ने,
- घर पाताल प्रमाणित गर्ने,
- व्यक्तिगत विवरण प्रमाणित गर्ने,
- पुर्जामा घर कायम गर्ने सिफारिस गर्ने,
- फरक, फरक नाम, थर, जन्म मिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस गर्ने,
- नाम, थर,जन्म मिति संशोधनको सिफारिस गर्ने,
- जग्गा धनीपूर्जा हराएको सिफारिस गर्ने,
- कागज र मन्जुरीनामा प्रमाणित गर्ने,
- कित्ताकाट गर्न सिफारिस गर्ने,
- संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने,
- जीवितसँगको नाता प्रमाणित गर्ने,
- हकवाला वा हकदार प्रमाणित गर्ने,
- नामसारी गर्न सिफारिस गर्ने,
- जग्गाको हक सम्बन्धमा सिफारिस गर्ने,
- मृतकसँगको नाता प्रमाणित तथा सर्जिमन सिफारिस गर्ने,
- उद्योग ठाउँसारी गर्न सिफारिस गर्ने,
- जीवित रहेको सिफारिस गर्ने,
- पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस र अनुमति दिने,
- जग्गा मूल्याङ्कन सिफारिस प्रमाणित गर्ने,
- विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने,
- पालन पोषणको लागि सिफारिस गर्ने,
- वैवाहिक अङ्गिकृत नागरिकता सिफारिस गर्ने,

- आर्थिक अवस्था कमजोर वा बिपन्नता प्रमाणित गर्न वा आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित
- विद्यालय ठाउँ सारी गर्न सिफारिस गर्ने,
- धारा तथा विद्युत् जडानको लागि सिफारिस गर्ने,
- प्रचलित कानुन अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने।

## ५.१.२० आधारभूत स्वास्थ्य सेवा केन्द्र/सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रहरूको कार्य विवरण

### ५.१.२०.१ योजना तर्जुमा

- स्वास्थ्य संस्था प्रोफाइल तयार गर्ने र नियमित रूपमा अद्यावधिक गरी राख्ने
- राष्ट्रिय कार्यनीति र निर्देशन अनुसार आफ्नो कार्यक्षेत्रको आवधिक तथा वार्षिक योजना तयार गरी सम्बन्धित निकायमा पेस गर्ने
- स्वीकृत भई आएका कार्यक्रमहरू कार्यान्वयनको लागि मातहतका निकाय तथा व्यक्तिहरूमा काम र लक्ष्यको बाँडफाँड गर्ने
- कार्य योजना र कार्य तालिका बनाउने र कार्यक्रम कार्यान्वयन गर्ने

### ५.१.२०.२ परिवार नियोजन कार्यक्रम

- कार्यक्षेत्रभित्र परिवार नियोजन सेवा दिनुपर्ने लक्षित समूहका दम्पतीहरूको लगत तयार गर्ने र अद्यावधिक गरी राख्ने
- परिवार नियोजनको आवश्यकता, महत्त्व र फाइदाबारे लक्षित समूह, जनसमुदायलाई जनचेतना फैलाउने
- परिवार नियोजनको सेवा तथा परामर्श सेवा उपलब्ध गराउने
- बन्ध्याकरण शिविर माग गर्ने र सञ्चालनमा सघाउ पुऱ्याउने
- परिवार नियोजनका साधन अपनाउनेहरूको अनुगमन गरी निरन्तरता कायम गर्ने
- परिवार नियोजनका साधनहरूको पर्याप्त मौज्दात कायम राख्ने ।

### ५.१.२०.३ सुरक्षित मातृत्व

- प्रत्येक गर्भवती महिलाको विवरण राख्ने
- गर्भवती महिलाहरूलाई कम्तीमा ४ पटक परीक्षण गरी सेवा र परामर्श दिने
- स्वास्थ्य संस्थामा सुरक्षित प्रसूति सेवा प्रदान गर्ने
- जटिल अवस्थाका गर्भवती तथा प्रसूतिलाई प्रेषणको व्यवस्था मिलाउने
- सुत्केरी पछि आमा र शिशुलाई कुनै पनि समस्या परे नपरेको जानकारी लिई आवश्यक परेकालाई घरैमा गई सेवा प्रदान गर्ने

- सुरक्षित मातृत्वको महत्वबारे स्वास्थ्य शिक्षा दिन, सुरक्षित मातृत्व सम्बन्धी उपलब्ध सेवाबारे बताउने
- फिल्डमा कार्यरत स्वास्थ्यकर्मीहरूले. महिला स्वास्थ्य स्वयं सेविकाहरूको सहयोग लिई मातृ तथा नवशिशु मृत्युको कारणहरूको विवरण बनाई राख्ने ।

## ५.१.२०.४ खोप

- खोपको महत्वबारे स्वास्थ्य शिक्षा दिने
- खोप लगाउनु पर्ने बच्चा तथा महिलाहरूको लगत तयार गर्ने र अद्यावधिक राख्ने
- खोप क्लिनिक सञ्चालनको लागि आवश्यक सामग्रीहरूको आपूर्ति गर्ने
- कोल्ड चेन कायम राखी भ्याक्सिन आपूर्ति गर्ने
- खोप क्लिनिक सञ्चालन गर्ने
- खोप दिनुपर्ने बाँकी सङ्ख्या पत्ता लगाउने र सूक्ष्म योजना तयार गरी पुरा खोप दिने व्यवस्था मिलाउने

## ५.१.२०.५ पोषण

- पोषणको महत्वबारे स्वास्थ्य शिक्षा दिने
- तीन वर्ष मुनिका बच्चाहरूको वृद्धि अनुगमन गर्ने
- कुपोषण भई आएका बच्चा तथा गर्भवती महिलालाई उपचार गर्ने
- कडा खालको कुपोषित व्यक्तिलाई प्रेषण गरी
- भिटामिन ए तथा आइरन कम भई आएका बच्चा तथा गर्भवती महिलालाई भिटामिन ए र आइरन चक्की वितरण गर्ने
- आयोडिनयुक्त नुनको प्रयोगको प्रवर्द्धन गर्ने
- सन्तुलित भोजनबारे सबै परिवारसम्म चेतना पुऱ्याउन स्वास्थ्य संस्थाहरूमा नियमित छलफल गर्ने गराउने।

## ५.१.२०.६ झाडापखाला

- झाडापखाला रोकथामबारे स्वास्थ्य शिक्षा दिने
- ओ.आर.टी. कर्नर स्थापना गरी सञ्चालन गर्ने

- झाडापखालाबाट ग्रसित बिरामीको लेखाजोखा गरी जल वियोजनको स्थिति अनुसार उपचार तालिका अपनाई उपचार गर्ने
- झाडापखाला प्रकोपको मौसम आउनु अगाडी नै पुनर् जलीय उपचार सामाग्रीहरूको मौज्दात स्थिति अध्ययन गरी सोको खाँचो नहुने व्यवस्था मिलाउने।

## ५.१.२०.७ श्वास प्रश्वास

- श्वास-प्रश्वास रोगको रोकथाम बारे स्वास्थ्य शिक्षा दिने
- आएका श्वास-प्रश्वास रोगीको लेखाजोखा गरी तत्कालै स्तरीय उपचार पद्धति अपनाई उपचार गर्ने
- उपचार हुन नसकेका बिरामीलाई तत्कालै प्रेषण गरी पठाउने र पठाउँदा बाटोमा लाग्ने समयको लागि आवश्यक औषधि उपलब्ध गराउने
- श्वास प्रश्वास रोगको उपचारका लागि आवश्यक औषधिको कमी नहुने व्यवस्था मिलाउने।

## ५.१.२०.८ औलो तथा काला जार

- औलो रोग तथा काला जार प्रभावित क्षेत्रमा बच्ने उपायबारे जनचेतना जगाउने
- औलो रोग तथा काला जार प्रभावित क्षेत्रमा ज्वरो आएको व्यक्तिको रक्त नमुना सङ्कलन कार्यलाई व्यवस्थित गर्ने
- औलो रोग तथा काला जार शङ्का गरिएका व्यक्तिको रक्त नमुना लिने, प्रयोगशालामा जा“च गर्न पठाउने र निर्देशिका अनुसार उपचार गर्ने
- औलो रोग तथा काला जार नियन्त्रण तथा उपचार गर्न आवश्यक औषधि नियमित आपूर्ति हुने व्यवस्था मिलाउने (माग गर्ने/वितरण गर्ने)
- प्रभावित क्षेत्रमा सिफारिस गरिएको कीटनाशक औषधि छर्कने र झूल वितरण कार्य सञ्चालन गर्ने।

## ५.१.२०.९ क्षयरोग नियन्त्रण

- क्षयरोग रोकथामको लागि स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने
- शङ्कास्पद रोगीहरूको खकार नमुना सङ्कलन गरी प्रयोगशालामा पठाउने
- प्रमाणित भएका रोगीको म्इत्व विधि अनुसार उपचार गर्ने

- दर्ता भएका तर उपचारमा नआउने बिरामीको खोजी गरी उपचार नियमित गराउने
- क्षयरोगको उपचारको लागि औषधिको कमी नहुने व्यवस्था मिलाउने।

## ५.१.२०.१० कुष्ठरोग नियन्त्रण

- कुष्ठरोगको रोकथाम, नियमित उपचार तथा पुनर्स्थापना बारे जनचेतना जगाउने
- कुष्ठरोगबाट प्रभावितहरूको लागि नियमित क्लिनिक सञ्चालन गर्ने
- कुष्ठरोगको उपचार र औषधिको प्रतिक्रियाबारे परामर्श दिने
- नियमित उपचारमा नआउनेको खोजी गरी नियमित उपचार गराउने
- कुष्ठरोग नियन्त्रणको लागि आवश्यक औषधि अटुट गर्ने व्यवस्था मिलाउने
- कुष्ठरोगको रोकथाम तथा कुष्ठरोगप्रतिको जनभावनामा परिवर्तन ल्याउन स्वास्थ्य शिक्षा दिने/स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने।

## ५.१.२०.११ एड्स/यौन रोग

- एच.आई.भी./एड्स/यौन रोग रोकथाम सम्बन्धी स्वास्थ्य शिक्षा दिने
- यौनरोगको उपचार गर्ने र शङ्कास्पद व्यक्तिलाई परामर्श तथा आवश्यक परीक्षणका लागि रेफर गरी पठाउने।

## ५.१.२०.१२ महामारी नियन्त्रण तथा प्राकृतिक प्रकोप

- आफ्नो कार्यक्षेत्रमा कुनै पनि महामारी फैलिएमा तत्काल नियन्त्रण कार्य सुरु गर्ने र महामारीको बारेमा स्वास्थ्य संस्थाहरूमा विस्तृत छलफल गराई समुदायलाई सचेत गराउनुका साथै सोबारे माथिल्लो निकायलाई जानकारी गराउने
- प्राकृतिक प्रकोपको अवस्थामा आर.आर.टी.सँग समन्वय गरी तत्कालै प्रभावित क्षेत्रमा गई आवश्यक सेवा प्रदान गर्ने।

## ५.१.२०.१३ वातावरणीय सरसफाई

- आफ्नो स्वास्थ्य संस्थाबाट निस्केको फोहोरमैलाको उचित व्यवस्थापन गर्ने र वरपरको वातावरण सरसफाइ राख्ने।
- कार्यालय परिसर, सुई, मलहम—पट्टी लगायत स्वास्थ्य सेवा कक्षहरू सफा बनाई राख्ने
- चर्पीको महत्त्व बुझाई सोको प्रयोग बढाउन समुदायलाई प्रोत्साहित गर्ने।

- खानेपानी मुहान सफा राख्न जनसहभागिता जुटाउने।

## ५.१.२०.१४ स्वास्थ्य शिक्षा

- शैक्षिक सामाग्री उपलब्ध गर्ने, सम्भार गर्ने र स्थानीय सञ्चार माध्यमको उचित प्रयोग गर्ने।
- पोषण, खोप, परिवार नियोजन, सुरक्षित मातृत्व, झाडापखाला, श्वास प्रश्वास, औलो, क्षय, कुष्ठ, कालाजार, एड्स/यौन रोग, व्यक्तिगत तथा वातावरणीय सरसफाइ, लैङ्गिक भेदभाव हटाउने आदि विषयमा नियमित स्वास्थ्य शिक्षा दिने।

## ५.१.२०.१५ गाउँघर क्लिनिक कार्यक्रम

- प्राथमिक स्वास्थ्य सेवा गाउँघर क्लिनिक सञ्चालन हुने स्थान निश्चित गराउने।
- कार्यक्रम सम्बन्धी वडा स्तरीय परिचयात्मक गोष्ठीहरू सञ्चालन गर्ने।
- गाउँघर क्लिनिक व्यवस्थापन समितिको गठन तथा सञ्चालन गर्ने।
- आवश्यक पर्ने औषधि तथा सम्पूर्ण आवश्यक सामाग्रीहरूको आपूर्ति व्यवस्था मिलाउने।
- सुरक्षित मातृत्व, परिवार नियोजन लगायतका अन्य निर्धारित सेवाहरू प्रदान गर्ने।
- सूक्ष्म योजना अनुसार गाउँघर क्लिनिक सञ्चालन भएको छ वा पर्याप्त सङ्ख्यामा सेवा प्रदान गरिएको छ भन्ने कुरा यकिन गर्ने।

## ५.१.२०.१६ महिला स्वास्थ्य स्वयंसेविका

- जनसङ्ख्या/कार्यक्षेत्रको आधारमा छनौट भएका महिला स्वास्थ्य स्वयंसेविकाहरूका लागि कार्यक्रम सञ्चालन गर्ने।
- लक्ष्य अनुसार आधारभूत तालिम नियमित रूपमा सञ्चालन गर्ने।
- कार्यक्रमको अर्धवार्षिक समीक्षा र रिफ्रेसर तालिम सञ्चालन गर्ने।
- महिला स्वास्थ्य स्वयं सेविकाहरूसँग नियमित भेटघाट गर्ने तथा आमा समूहको बैठकमा नियमित भाग लिने।
- महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई कन्डम, पिल्स, पुनर्जलीय झोल प्याकेट, आइरन चक्की, जिङ्क, सिटामोल, भिटामिन ए, प्राथमिक उपचार, शैक्षिक सामग्री तथा अन्य सामानको आपूर्ति व्यवस्था मिलाउने।

## ५.१.२०.१७ उपचार सेवा

- नियमानुसार १० देखि ५ बजेसम्म नियमित रूपमा बहिरङ्ग सेवा सञ्चालन गर्ने।
- उपचारको लागि आएका बिरामी जाँच गरी औषधोपचार गर्ने र आवश्यकता अनुसार प्रेषण गर्ने।
- आधारभूत आकस्मिक उपचार सेवा प्रदान गर्ने।
- अन्तरङ्ग उपचार सेवा दिने।
- रक्तचाप परीक्षण, धड्कन/नाडी चेक गर्ने, ज्वरो नाप, श्वासप्रश्वास वृद्धि विकास, तौल उचाइ परीक्षण सम्बन्धी सेवा दिने।
- नसर्ने रोगहरू जस्तै, मुटु सम्बन्धी, दीर्घ श्वास प्रश्वास सम्बन्धी रोग, मधुमेह र उच्च रक्तचापको निदान, उपचार, नियन्त्रण तथा रोकथाम सम्बन्धी क्रियाकलापहरूमा सहयोग गर्ने।
- ज्वरो, टाउको दुखेको, जीउ दुखेको, खोकी लागेको, पाँच वर्ष मुनीको बच्चा बिरामी, न्यून श्वासप्रश्वास, छाती पोलेको, पेट सम्बन्धी, झाडापखाला, बान्ता, कब्जियत, दिसामा रगत, पिसाबमा रगत, उच्च रक्तचाप, चिनी रोग, मलेरिया सम्बन्धी उपचार र व्यवस्थापन गर्ने।

## ५.१.२०.१८ अनुगमन

- लक्ष्य, प्रगति, सेवाको कभरेज, मुख्य रोग र स्वास्थ्य समस्या सम्बन्धी चार्ट ग्राफ बनाई डिस्प्ले गर्ने।
- प्राप्त प्रतिवेदनलाई विश्लेषण गरी प्रत्येक कार्यक्रम तथा गतिविधिको लेखाजोखा गर्न मासिक रूपमा स्टाफ बैठक गर्ने र समीक्षाको आधारमा सम्बन्धित निकायहरूलाई फिडब्याक दिने।
- माथिल्ला निकायबाट प्राप्त फिडब्याकलाई स्टाफ बैठक राखी छलफल गर्ने र निर्देशानुसार कार्यवाही गर्ने।

## ५.१.२०.१९ प्रशासनिक कार्य

- आएका सम्पूर्ण चिठीपत्रहरु दर्ता गर्ने र विषयगत फाइल खडा गरी राख्ने।
- पठाउनु पर्ने पत्रहरू चलानी गर्ने र विषयगत फाइल खडा गरी प्रतिलिपि राख्ने।
- प्राप्त पत्रहरूमा आवश्यकताअनुसार कार्यवाही गर्ने।

- कर्मचारीको हाजिरी, बिदा लगायत सम्पूर्ण व्यक्तिगत रेकर्ड राख्ने।
- आगन्तुक तथा सुपरिवेक्षण पुस्तिका बनाई सुपरिवेक्षणमा आउनेको राय मन्तव्य लेखाई राख्ने।
- मातहतका कर्मचारीहरूले आफ्नो कार्य विवरण अनुसार कार्य गराइरहेका छन् भन्ने कुराको यकिन गर्ने।
- सञ्चालक समिति, परिषद्हरू र इकाईहरूको अभिलेख अद्यावधिक राख्ने।

## ५.१.२०.२० अभिलेख तथा प्रतिवेदन

- व्यवस्थापन सूचना प्रणालीले लागु गरेका फर्म, कार्डको प्रयोग गरी सम्पूर्ण स्वास्थ्य कार्यक्रम तथा गतिविधिहरूको अभिलेख राख्ने तथा निर्धारित मितिभित्र सम्बन्धित निकायमा प्रतिवेदन पठाउने।
- आवश्यक पर्ने फर्म, रजिस्टर, कार्डहरू कमसेकम ३ महिनाको लागि स्टक बाँकी हुँदैमा माग गर्ने।

## ५.१.२०.२१ अन्य

- कृषि र वातावरणको क्षेत्रमा अन्य सरोकारवाला पक्षसँग सहकार्य गरी सन्तुलित भोजनको पर्याप्तता, सफा खानेपानी र स्वच्छ वातावरण निर्माणको लागि आवश्यक कार्यक्रम निर्माण र कार्यान्वयन गर्ने, गराउने कार्यमा सहयोग गर्ने।